# प्रथम-परिच्छेद

# सिर्जना परिचय

## १.१ सिर्जनात्मक लेखनको परिचय

जीवन जगत्का विविध विषयवस्तुलाई नवीन कल्पना र साधनाको प्रयोग गरी नयाँ अनुभूति तथा सौन्दर्य प्रस्तुत गरेर लेखिएको लेख रचनालाई सिर्जना भनिन्छ । 'सिर्जना' शब्द संस्कृत भाषाबाट नेपाली भाषामा आएको तत्सम शब्द हो । यसको निर्माण 'सृज' धातुमा 'अन्+आ' प्रत्यय लागेर भएको मानिन्छ (सिद्धान्त कौमुदी, २०१५:४७७) । शाब्दिक अर्थमा सिर्जना भनेको नयाँ रुपको निर्माण गर्नु हो । संस्कृत भाषामा सिर्जना शब्दलाई सृष्टिको पर्यायवाची शब्दका रुपमा लिइन्छ । सृष्टिको अर्थ जन्माउनु, नयाँ आविष्कार गर्नु वा उत्पत्ति गर्नु भन्ने हुन्छ । त्यसैले सिर्जना भन्नाले नयाँ रचना गर्नु, मौलिक निर्माण गर्नु, कलात्मकता देखाउनु भन्ने बुझिन्छ । त्यसकारण सिर्जना चित्रकला, साहित्य, मूर्तिकला, वैज्ञानिक आविष्कार अनेक क्षेत्रमा हुन सक्छ । यति हुँदा हुँदै पनि साहित्य सिर्जनाका सम्बन्धमा सम्पूर्ण रचना वा निर्माणलाई सिर्जना भन्न सकिँदैन । विभिन्न क्षेत्रमा गरिएका नयाँ-नयाँ कुराहरुको निर्माणलाई रचना भन्न सकिन्छ तर त्यसलाई सिर्जना भन्न सकिँदैन । सिर्जना त साहित्यिक तवरले स्वतन्त्रपूर्वक विभिन्न अनुभव र अनुभूतिलाई कलात्मक तथा सौन्दर्यपरक ढङ्गले रचना गरिएको लेख रचनालाई मात्र मान्न सकिन्छ ।

सिर्जना भन्नाले सर्जकका मनमा उत्पन्न हार्दिक भाव वा विचारलाई कलात्मक र रागात्मक शैलीद्वारा प्रस्तुत गरिएको सौन्दर्यमूलक साहित्यिक रचना विशेष भन्ने बुझिन्छ । सिर्जनाले सबै रचना विशेषलाई जनाउँदैन । सिर्जना भनेको सर्जकको मन र मस्तिष्कको साधनाबाट सिर्जित आल्हादपूर्ण साहित्यिक लेखन हो । जसअन्तर्गत गीत, कथा, कविता, गजल, नाटक आदि साहित्यिक विधाहरु पर्दछन् । त्यसैले सर्जकद्वारा सिर्जित रागात्मक र कलात्मक भाषिक अभिव्यक्ति गरिएको आल्हादपूर्ण साहित्यिक विधा नै सिर्जना हो ।

## १.२ सिर्जनात्मक लेखनको शीर्षक

यस सिर्जनात्मक लेखनको शीर्षक 'गजल-गुञ्जन' गजल सङ्ग्रह राखिएको छ । यस

गजल सङ्ग्रहमा देश, काल र वातावरण अनुसार धार्मिक, राजनैतिक, सांस्कृतिक आदि विषयवस्तुमा आधारित गजलहरु राखिएका छन् । वर्तमान अवस्थामा नेपाली र नेपालीले भोग्नुपरेका सामाजिक, आर्थिक आदि समस्याका स्वरहरुलाई यस सिर्जना पत्रमा सङ्ग्रहित गजलहरुले प्रस्तुत गरेको हुनाले यसको शीर्षक **'गजल गुञ्जन'** गजल सङ्ग्रह राखिएको हो ।

## १.३ सिर्जनात्मक लेखनको प्रयोजन

प्रस्तुत 'गजल गुञ्जन' गजल सङ्ग्रह नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको शैक्षिक प्रयोजनका लागि तयार पारिएको हो ।

## १.४ सिर्जनात्मक लेखनको औचित्य, महत्व र उपयोगिता

कोपिला अवस्थामा रहेको सिर्जनात्मक लेखन क्षमतालाई विकास गरी उचाइमा पुऱ्याउन यो सिर्जनात्मक विधालाई छनोट गरिएको हो । सर्जकमा रहेको सिर्जनात्मक क्षमतालाई सिर्जनात्मक लेखनले सहयोग पुऱ्याउँछ । अभ्यासले मानिसलाई पूर्ण बनाउँछ भने झैँ निरन्तरको प्रयासबाट नयाँ-नयाँ सिर्जनाहरु गर्न सकिन्छ । मेरा मनका अनुभव र अनुभूतिलाई समाजका विभिन्न वर्गमा पुऱ्याई ज्ञान र आनन्द प्रदान गराउनु नै यस सिर्जनात्मक लेखनको औचित्य रहेको छ । साहित्य समाजको दर्पण हो। साहित्यले समाजको वास्तविक यथार्थलाई प्रकट गराउने कार्य गर्दछ । त्यसैले समाजका विविध विषयवस्तुहरुलाई समावेश गरी नेपाली जनजीवनको यथार्थ पक्षलाई यस गजल सङ्ग्रहमा भएका गजलहरुले चित्रण गरेका छन् । त्यस्तै यस गजल सङ्ग्रहले नवोदित सिर्जनाधर्मीहरुलाई गजल सम्बन्धी केही नियमहरुको बारेमा जानकारी गराउने जमर्को गरेको छ । जसले गर्दा यो गजल सङग्रहको महत्व रहेको छ । अतः मानव जीवनका विविध अनुभव र अनुभूतिहरुलाई लयात्मक, कलात्मक र कोमल भाषाशैलीमा प्रस्तुत गर्दै नेपाली गजलका क्षेत्रमा अर्को नयाँ आयाम थप्नु पनि यस सिर्जनात्मक लेखनको उद्देश्य हो । नयाँ रचनाकारहरुलाई हौसला र प्रेरणा दिँदै मानविकी संकाय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको शैक्षिक आवश्यकताको आंशिक परिपूर्ति गर्नु नै यस सिर्जनात्मक लेखनको उपयोगिता हो ।

## १.५ सिर्जना पत्रको रुपरेखा

प्रस्तुत सिर्जना-पत्रलाई पाँच परिच्छेदमा संगठित गरिएको छः

| | | |
|---|---|---|
| प्रथम-परिच्छेद | : | सिर्जना परिचय |
| द्वितीय-परिच्छेद | : | गजलको सैद्धान्तिक परम्परा |
| तृतीय-परिच्छेद | : | नेपाली गजलको प्रारम्भ र विकास |
| चतुर्थ-परिच्छेद | : | 'गजल गुञ्जन' गजल सङ्ग्रहको मूल पाठ |
| पञ्चम-परिच्छेद | : | आफ्नै गजल : आफ्नै दृष्टिकोण |

# द्वितीय-परिच्छेद

# गजलको सैद्धान्तिक परम्परा

## २.१ गजलको व्युत्पत्ति

गजल अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो (बराल, २०५९:१६) । गजल अरबी भाषामा जन्मिएर फारसी, उर्दू हुँदै नेपाली साहित्यिक धरातलमा मौलाएको गेयात्मक लोकप्रिय काव्यविधा हो। गजल शब्द अरबी भाषाका तीनवटा शब्दहरु मिलेर बनेको छ । अरबी भाषामा 'ग' को अर्थ वाणी, 'ज' को अर्थ नारी र 'अल' को अर्थ को वा सँग हुन्छ (परिश्रमी,२०६४:५)। यसरी अरबी भाषामा गजलको शाब्दिक अर्थ नारी वा प्रेमिकासँगको कुराकानी भन्ने हुन्छ । कसैले भने गजल शब्दको व्युत्पत्ति 'गैन','जि' र 'लाम' यी तीन अरबी अक्षरहरुको मेलबाट भएको उल्लेख गरेका छन् । कतिपय विद्वानहरुले गजल शब्दको निर्माण गजाल वा गजाला शब्दबाट भएको मानेका छन् । गजाल र गजाला शब्दको अर्थका सम्बन्धमा रोहिताश्व अस्थानाले अरबीमा गजालको अर्थ मृग अनि गजालाको अर्थ मृगको बच्चा हुने र मृगको जस्तै आँखा हुने सुन्दरीको सम्बन्धमा लेखिने भएकाले यसलाई गजल भनिएको हो भन्ने दृष्टिकोण व्यक्त गरेका छन् (बराल, २०६४:७) एकथरी विद्वानहरुका मत अनुसार जीवनभर मदिरापान र प्रेमगान गरेर बिताएका गजल नामधारी शायरको मृत्युपछि उनको सम्झनामा गाइएको रचनालाई गजल भनिएको छ (परिश्रमी, पूर्ववत्:५) ।

गजल शब्दको अर्थका बारेमा विद्वानहरुबीच मतैक्य रहेको पाइन्न । कसैले यसको अर्थ स्वास्नी मानिससँगको कुराकानी, कसैले धागो कात्नु, कसैले प्रेमी प्रेमिकासँग वार्तालाप, कसैले प्रेम कविता वा यौन कविता भएको बताएका छन् । ज-जसले जे-जसरी अर्थ्याए पनि गजलको साहित्यिक अर्थले प्रणयमूलक विषयमा शृङ्गारिकताको समायोजन भएको काव्यको एक प्रभावकारी गेय विधालाई जनाउँछ । सामान्यतः गजलमा प्रेम विषयलाई बढी जोड दिइए पनि गजलमा मानवीय जीवनमा आइपर्ने सुख-दुःख, हर्ष-विस्मात्, पीडा-व्यथा, वेदना एवम् सामाजिक विकृति र विसङ्गतिको चित्रण तथा समसामयिक युगको चिरफार गर्न सकिन्छ । त्यसैले आज गजललाई मानव जीवनका आरोह र अवरोहलाई मानसिक रुपमा साम्य पार्ने शीतल छहारीका रुपमा लिन सकिन्छ ।

## २.२ गजलको परिभाषा

अरबी भूमिबाट विकसित गजलका सम्बन्धमा विभिन्न विद्वान्हरुले आ-आफ्ना धारणाहरु प्रस्तुत गरेका छन् । ती विद्वान्हरुले गजलका सम्बन्धमा गरेका परिभाषाहरुबीच मतैक्य रहेको पाइँदैन । गजलका सम्बन्धमा अलग-अलग कोशकार तथा विद्वान्हरुले दिएका परिभाषाहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- ने.रा.प्र.प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोश अनुसार "गजल भनेको विशेषतः प्रेमका विषयमा शृङ्गार रसका कविता लेखिने एक प्रकारको फारसी छन्द वा त्यसै छन्दमा लेखिएको कविता हो ।" (परिश्रमी, पूर्ववत्:६)
- नेपाली शब्दसागर (वसन्तप्रकाश शर्म्मा नेपाल) का अनुसार "शृङ्गार वा प्रेम प्रसङ्गको कविता, कुनै छन्दोबद्ध नभई अन्तिम तुक मात्र हुने शृङ्गारिक कविता नै गजल हो ।" (परिश्रमी, पूर्ववत्:६)
- उर्दू हिन्दी कोश (शब्दलोक प्रकाशन वाराणसी) का अनुसार "गजल फारसी र उर्दूमा एक प्रकारको कविता हो, जसमा एउटै वजन र काफियाका अनेक शेर हुन्छन् र प्रत्येक शेरको विषय प्रायः एक अर्कासँग स्वतन्त्र हुन्छ ।" (परिश्रमी, पूर्ववत्)
- मराठी शब्द रत्नाकर (वासुदेव गोविन्द आप्टे) का अनुसार "गजलको अर्थ फारसी प्रेमकाव्यको एक विधा हुन्छ ।" (प्रसाई, २०६३:८)
- दि अक्सफोर्ड इङ्गलिश डिक्सनरीका अनुसार "गजल विशेषतः प्रेमसम्बन्धी वा रागात्मक, पुरानो, लयात्मक कविताको एक प्रकार साथै सीमित श्लोक(शेर) तथा उही अनुप्रास (काफिया)को आवृत्तिले पश्चिमी पद्यभन्दा पृथक कविता हो।" (प्रसाई, पूर्ववत्:८)
- डा. कृष्णहरि बरालका अनुसार "प्रेम तथा अन्य विषयसँग सम्बन्धित खास प्रकारको संरचना भएको लघु रुपको सङ्गीत कविता विशेषलाई गजल भनिन्छ ।" (बराल, पूर्ववत्:८)
- डा. घनश्याम परिश्रमीका अनुसार "गजल एउटा प्राविधिक र शास्त्रीय काव्य विधा हो । यसको सिर्जना काफिया मिलेका स्वायत्त शेरहरुको समायोजनबाट हुन्छ ।" (परिश्रमी, पूर्ववत्:१०)
- मनु ब्राजाकीका अनुसार "गजल भनेको प्रणय, कामना र आन्तरिक पीडाका

हार्दिक भावहरुको सन्तुलित अभिव्यक्ति हो ।" (ब्राजाकी, २०५१:क)

- डा. रोहिताश्व अस्थानाका अनुसार "शिल्पका दृष्टिले पाँच, सात वा तीभन्दा बढी शेरहरुको समूहको नाम गजल हो ।" (परिश्रमी, पूर्ववत्:९)
- अमर त्यागीका अनुसार "गजल कोमल भावना र पद-पदावलीयुक्त क्लासिकल काव्यविधा हो । गजलमा मानवीय संचेतना र संवेदनाका बहुरङ्गी भावानुभूतिलाई अभिव्यक्त गरिन्छ । यो स्वतन्त्र र गेयगुणयुक्त साहित्यिक पद्य विधा हो ।" (परिश्रमी, पूर्ववत्:१२)
- सनतकुमार रेग्मीका अनुसार "विशिष्ट भाव, शैली प्रभाव र पङ्क्तिपुञ्ज भएको अनुप्रासान्वित छन्दोबद्ध भाषिक संरचनालाई गजल भनिन्छ ।" (प्रसाई, पूर्ववत्:७)
- रामदास नादारका अनुसार "गजल फारसी उर्दूमा प्रचलित मुक्तक काव्यको एक भेद हो ।" (प्रसाई, पूर्ववत्:७)
- टिकाराम उदासीका अनुसार "वस्तुतः गजलको आन्तरिक शक्ति भनेको यसमा प्रयुक्त विलक्षण शैली, भावको तीव्र विन्यास र लय विधान हो ।" (उदासी, २०५९:२२)

यसरी गजलका बारेमा विभिन्न विद्वानहरुले दिएका परिभाषाहरुलाई हेर्दा कुनै ठोस एवं प्रामाणिक परिभाषा गरिएको पाइँदैन । गजलका बारेमा जे-जसरी परिभाषा गरिए तापनि गजलको आन्तरिक तथा बाह्य दुबै पक्षलाई समेट्ने परिभाषा गरिएको देखिँदैन । आजसम्म गरिएका गजलका परिभाषाहरुले कुनै एक पक्षप्रति मात्र दृष्टि पुऱ्याएको देखिन्छ । त्यसैले गजलको आन्तरिक तथा बाह्य दुबै पक्षमाथि प्रकाश पार्ने र यसको सिङ्गो स्वरुपको परिचय दिने एउटा स्पष्ट परिभाषाको खाँचो देखिन्छ । यहाँ गजलका समग्र तत्वहरुको पहिचान गर्दै यसको सिङ्गो स्वरुपलाई समाविष्ट गर्ने खालको परिभाषा दिने प्रयास गरिएको छ ।

"प्रणयमूलक विषयवस्तुका साथै मानव जीवनका सुख-दुःखलाई सरल, सङ्क्षिप्त र सुकोमल भाषाशैलीमा अनुप्रासयुक्त तथा शृङ्गारिक भावले सिँगारिएको गेयात्मक शेरहरुको समष्टिगत स्वरुप नै गजल हो ।"

## २.३ काव्य विधाका रुपमा गजलको उद्भव

काव्यको एक भेदका रुपमा रहेको गजल उपविधाले आजको युगमा निकै लोकप्रियता

हासिल गरेको छ । दक्षिण एशियाका विभिन्न भाषाका साहित्यिक फाँटमा यस उपविधाले हार्दिक निमन्त्रणा र स्वागत पाएको छ । गजल अरबी भाषाको शब्द भए तापनि काव्य विधाका रुपमा यसको वास्तविक जन्म फारसी साहित्यको जमिनमा भएको हो (परिश्रमी, पूर्ववत्:१६) । इसाको सातौँ शताब्दीतिर गजल सुन्ने र सुनाउने परम्परा अरबी भाषामा पनि थियो तर यसले अरबी भूमिमा विधागत स्वरुप र लोकप्रियता हासिल गर्न नसकेको देखिन्छ । मूलतः फारसी र उर्दू साहित्यिक धरातलमा महत्वपूर्ण स्थान ओगटेको र सर्वाधिक मौलाएको गजल विधालाई विधिवत् रुपमा फारसका शायर रौदकी (रुदकी)ले इसाको दसौँ शताब्दीमा जन्माएका हुन् भन्ने भनाइ छ । यसका उन्नायक सादी सिराजीलाई मानिन्छ ।

## २.४ गजल उद्भवको पृष्ठभूमि

अरबी भाषाको साहित्यमा कसिदा नामक एक काव्य भेद छ । कसिदाको जन्म दुई वा चार पङ्क्तिमा रचिने र प्रणयगीतका रुपमा चिनिने तश्बीबबाट भएको हो । समय क्रमसँगै कसिदा राजा महाराजाहरुको प्रशंसा, गुणगान गर्ने काव्यका रुपमा विकसित भयो । प्रणयमूलक भाव बोक्ने तश्बीब कसिदामा रुपान्तरित भएपछि प्रशंसा काव्य बन्न पुगेकाले प्रेमगीतका पक्षपातीहरुले पुनः यसलाई कसिदाबाट मुक्त गरे । अन्ततः यही तश्बीब नै साहित्यमा गजलका रुपमा जन्मी विकसित भएको हो भन्न सकिन्छ (परिश्रमी, पूर्ववत्:१७)।

## २.५ गजलका गुण तथा विशेषताहरु

छन्दोबद्ध हुनाले कविता जस्तो र गेयात्मक हुनाले गीत जस्तो देखिए तापनि गजलका आफ्नै छुट्टै गुण तथा विशेषताहरु रहेका छन् । ती गुण तथा विशेषताहरु तल प्रस्तुत गरिन्छः

### २.५.१ भाव

'भाव' संस्कृत तत्सम शब्द हो । यो 'भू' धातुमा घञ(अ) प्रत्यय लागेर बनेको देखिन्छ । यसको शाब्दिक अर्थ हुनु वा सत्ता वा अस्तित्व वा रीति हुन्छ भने यसको अर्थ चित्तवृत्ति वा मनोभाव भन्ने हुन्छ (आप्टे, इं १९८९:३२८)। गजल एउटा साहित्यिक विधा भएकाले यसमा भाव हुनु अनिवार्य हुन्छ । भावविना गजलको कुनै अर्थ रहँदैन । गजलकारले गजलमा कुनै विषय अभिव्यक्त गर्दा कोरा वस्तुपरक अभिव्यक्तिमा भन्दा आत्मपरक र संवेगात्मक अभिव्यक्तिमा बढी सचेत हुनु पर्छ ।

यति हुँदा हुँदै पनि गजल लयात्मक, गेयात्मक विधा भएकाले यसले आत्मसात् गर्ने भाव सूत्रात्मक र सङ्क्षिप्त हुनाका साथै अपेक्षाकृत बढी सुकोमल र सरल हुनु पनि आवश्यक छ किनभने गजलको ध्येय वस्तुतः हार्दिक आनन्द हो, बौद्धिक विलास होइन (वस्ती, २०५३:३) ।

गजल शब्दको शाब्दिक अर्थ शृङ्गारसँग सम्बन्धित रहेकाले यसमा प्रेम भावनाको चित्रण हुनु स्वभाविकै हो । गजल नारी शृङ्गार र प्रणयमूलक भावलाई प्रस्तुत गर्ने विधा भएतापनि यसमा मानव जीवनका आरोह र अवरोहहरुमा देखापर्ने सुख-दुःख, हर्ष-विस्मात्, पीडा-सन्ताप, आस्था, अनास्था एवं युगका आक्रोश तथा विद्रोहका आवाजहरु समेत प्रस्तुत भएका हुन्छन् । जुनसुकै विषयवस्तुमा लेखिए तापनि गजलमा पाठकलाई प्रभाव पार्ने भाव हुनु आवश्यक हुन्छ । यदि गजलमा पाठकका मनमा गहिरो प्रभाव पार्ने भाव रहेन भने गजल गजल नभएर फजल बन्न पुग्छ । त्यसैले गजलमा विषयवस्तु र भावको उचित प्रयोग हुनु पर्दछ ।

## २.५.२ शैली

शैली भनेको कुनै विचार व्यक्त गर्ने ढङ्ग वा तरिका हो । गजलमा सरल, सङ्क्षिप्त र नवीन शैलीको प्रयोग हुनु आवश्यक हुन्छ । शैली गजलका लागि अनिवार्य तत्व हो । काव्यका अन्य विधाबाट पृथक गराउनका लागि गजलमा मीठो शैलीको आवश्यकता पर्दछ । शैलीको उपयुक्त समायोजन विना विषयवस्तु उत्तम भएर पनि गजलले उच्चता प्राप्त गर्न सक्दैन । त्यसैले गजलमा प्रयुक्त विषयवस्तु अनुसार गजलकारले सुन्दर, सहज, कोमल, भावनायुक्त, संक्षिप्त र हृदयस्पर्शी शैलीको प्रयोग गर्नु पर्छ । शैली लेखकको पहिचान हो । एउटै विषयवस्तुमा सिर्जना गरे पनि शैलीको भिन्नताले कुनै लेखकको सिर्जनाले उच्चता हासिल गर्न सक्दैन । गजलमा सरलता, सङ्क्षिप्तता, नवीनता, प्रभाव वा असर जस्ता तत्वहरुको समष्टिगत संयोजन गर्नु शैलीको प्रयोग गर्नु उपयुक्त हुन्छ । यहाँ यिनै शैलीसँग सम्बन्धित तत्वहरुको सङ्क्षिप्त चर्चा गरिन्छ ।

### २.५.२.१ सरलता

गजल गेयात्मक काव्य विधा हो । गजलले गायनबाट नै पूर्णता प्राप्त गर्दछ । गजल गाउनका लागि सरल र सुन्दर शब्दहरुको प्रयोग गुर्न पर्छ । समासबहुल

र कठोर शब्दहरुको प्रयोगले गजल गायनमा बाधा पुग्छ । गजलमा सरल, कोमल र सुललित पद-पदावलीको प्रयोग गुर्न पर्छ । जसले गायनमा सहजता र श्रुतिमधुरता सिर्जना गर्दछ । गजलमा जटिल र दुरुह शब्दहरुको प्रयोग गर्नु 'भात खाँदा ढुङ्गा लाग्नु' जत्तिकै हुन्छ । त्यसैले सरल र सुललित शैलीको प्रयोग गजलका लागि अनिवार्य कुरा हो ।

### २.५.२.२ सङ्क्षिप्तता

गजलमा सङ्क्षिप्त वा सूत्रात्मक भाषाको प्रयोग हुन्छ । थोरै शब्दमा धेरै विचार व्यक्त गर्न सक्नु नै संक्षिप्ततामा पूर्णता हो । गजलमा सङ्गठित र प्रभावकारी भाषाको प्रयोग हुनु पर्दछ जुन संक्षिप्त होस् तर अपूर्ण नहोस् । गजलका शब्दमा 'गाग्रामा सागर अटाए जस्तै' (मुजावर,इ.१९९३:१०) थोरै शब्दमा धेरै विचार व्यक्त गर्न सक्ने खुबी हुनु पर्छ । तबमात्र गजलले उत्कृष्टता प्राप्त गर्न सक्छ । यति मात्र नभएर सम श्लोकमा बताइने कुरो एउटै श्लोमा खँदिएर आए मुक्तक हुन्छ भन्ने भनाइ झैँ गजलका शेरहरुमा संक्षिप्ततामा पूर्णता प्राप्त गर्न सकिने शब्दहरुको छनोट गर्नु आवश्यक हुन्छ । थोरै शब्दबाट धेरै अर्थ प्रदान गर्नका लागि गजलमा बिम्ब प्रतीकले ठूलो सहयोग पुऱ्याउँछ । त्यसैले गजललाई उत्कृष्ट बनाउन यसमा बिम्ब प्रतीकको प्रयोगका साथै सूत्रात्मक अभिव्यक्तिको प्रयोग गर्नु पर्छ । किनभने संक्षिप्तता गजलको महत्वपूर्ण शैली पक्ष हो ।

### २.५.२.३ तासीर (प्रभाव वा असर)

तासीर भनेको गजलले पाठकका मनमस्तिष्कमा पार्ने गहिरो प्रभाव वा असर हो । गजलका शेरहरु पाठकका हृदयमा प्रभाव पार्ने खालका हुनु पर्छ । यसो हुन नसकेमा गजलका शेरहरुको महत्व हुँदैन । तासीर नै गजलको महत्वपूर्ण खुबी हो किनभने यसले गजलका पाठक वा श्रोतालाई पढ्न वा सुन्न प्रेरित र आकर्षित गर्दछ । सुन्नासाथ तत्कालै मस्तिकबाट हृदयमा उत्रिने अनि अन्तः स्थलमा पुगेर सधैं नवीन तरङ्ग पैदा गर्ने शेरले नै गजलमा अथाह आकर्षण र गहन सम्मोहन प्रदान गर्दछ (वस्ती, २०६७:७१) । गजलमा शब्द र भावको जतिसुकै सुन्दर संयोजन भए पनि तासीर विना गजलले पाठकलाई आकर्षण गर्न सक्दैन । त्यसैले गजलमा तासीर (प्रभाव वा असर)को सृजना हुनु पर्छ । कथ्यको मार्मिक र

प्रतीकात्मक अभिव्यक्तिद्वारा गजलमा तासीरको सिर्जना हुन्छ र यसले पाठक वा श्रोतालाई चुम्बकले फलामलाई ताने झैँ आकर्षण गर्छ (उदासी, २०६०:४४)। यसरी मानव मनलाई विरेचित पार्ने र आत्मबोधको यात्रातिर उन्मुख गराउने शक्ति नै तासीर हो भन्न सकिन्छ ।

### २.५.२.४ नवीनता

एउटै समय र परिस्थितिका सन्दर्भमा लेखिएका प्रायः रचनाहरुको विषयवस्तु एउटै हुन्छ । एउटै विषयवस्तुका बारेमा लेखिएका रचनाहरुमा शैलीगत भिन्नता देखा पर्नु लेखकको आफ्नै पहिचानको कुरा हो । लेखकले कुनै विषयवस्तुका बारेमा लेख्दा/रचना गर्दा अन्यका सापेक्षतामा नितान्त नवीनता र मौलिकता प्रस्तुत गर्नु पर्दछ । बारम्बार भनिसकिएको कुरालाई पुनरुक्ति गर्नु गजलको उद्देश्य होइन बरु कतै कसैले व्यक्त गरेको भाव वा विषयलाई पनि अत्यन्त नवीन ढङ्गले प्रकट गर्नु यसको अभिप्राय हो । सिर्जनामा नवीनता गजलको महत्वपूर्ण शैली हो (उदासी, पूर्ववत्:४४) । वास्तवमा लेखकको आफ्नो निजी शैली भन्नु नै मौलिकता र नवीनता हो ।

## २.६ गजलका तत्वहरु

गजल गेयात्मक काव्य विधा हो । साहित्यका अन्य विधाहरु जस्तै गजललाई शिल्पका माध्यमबाट स्पष्ट रुपमा चिनाउन र पृथक रुप दिन केही तत्वहरुको आवश्यकता पर्दछ, ती तत्वहरुलाई गजलका तत्व भनिन्छ । शेर, काफिया, मतला, मकता, तखल्लुस र रदिफ गजलका तत्वहरु हुन् । यहाँ यी तत्वहरुको उदारण सहित चर्चा गरिन्छ ।

### २.६.१ शेर

गजल शेरहरुको समष्टि रुप हो । गजलमा दुई पङ्क्तिको एउटा शेर हुन्छ । शेर अरबी भाषाको पुलिङ्गी शब्द हो र यसको शाब्दिक अर्थ 'केश' वा 'कपाल' तथा 'स्वास्नी मानिस' भन्ने हुन्छ (आप्टे, पूर्ववत्:२३) । शेरको पहिलो पङ्क्तिलाई मिसरा-ए-उला र दोस्रो पङ्क्तिलाई मिसरा-ए-सानी भनिन्छ । हरेक शेरको मिसरा-ए-उलाले विषयवस्तुको उठान गर्दछ भने मिसरा-ए-सानीले त्यसलाई निरुपण सहित पुष्टि

गर्दछ । गजलमा कति शेर हुनुपर्ने भन्ने सम्बन्धमा विभिन्न विद्वानहरुबीच मतैक्य पाइँदैन । सामान्यतः एउटा गजलमा पाँच शेर हुनु पर्दछ भन्ने काव्यशास्त्रीय मान्यता छ तर फारसी र उर्दूका गजलकारहरुले नै चार शेरका मात्र गजलहरु रचेको देखिन्छ । कतिपय विद्वानहरुले एउटा गजलमा पाँचदेखि एघार शेरसम्म हुनुपर्ने बताएका छन् भने कतिपयले पाँचदेखि सात शेरसम्म हुनुपर्ने धारणा व्यक्त गरेका छन् । फरक-फरक विद्वानहरुले फरक-फरक धारणाहरु राखे पनि गजल गायनमा नै पूर्ण हुने भएकाले यसमा पाँचदेखि सात शेर हुनु उपयुक्त मानिन्छ ।

गजलका प्रत्येक शेरहरु एउटै बहरमा सम्बद्ध हुन्छन् तथापि विषयवस्तुका दृष्टिले तिनको स्वतन्त्र अस्तित्व रहेको हुन्छ । गजलका शेरहरुमा प्रयोग हुने विषयवस्तुका दृष्टिले गजललाई मुसलसल गजल र गैरमुसलसल गजल गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

### २.६.१.१ मुसलसल गजल

एउटा गजलका समग्र शेरहरुमा एउटै विषयवस्तुको प्रस्तुति भएको छ भने त्यस्तो गजललाई मुसलसल भनिन्छ (परिश्रमी, पूर्ववत्:३०) । यस्ता गजलमा एउटै विषयवस्तुको प्रस्तुति हुन्छ । मुसलसल गजलमा एउटा शेरमा एउटा अनुभूतिको कथ्यले पूर्णता नपाएर बाँकी कुरा अर्को शेरबाट भनिएको हुन्छ । त्यसैले यस्ता गजललाई शृङ्खलित गजल पनि भनिएको पाइन्छ । मुसलसल गजलको एउटा उदाहरण यस प्रकार छ :

मायालुलाई लिन बाजा बजाएर आउँला
टाइसुट र बुट माला लगाएर आउँला

जनक्पुरकी सीताको झैँ आदर्शता छ भने
धनुष्धारी राम्चन्द्र रुप् गराएर आउँला

सत्ययुगकी सतीको झैँ पतिव्रता छ भने
कैलाश पति शिवजी रुप् बनाएर आउँला

महाभारतकी द्रौपदी झैँ खुबी तिम्रो भए
पाण्डवका झैँ पाँच भाइ जुटाएर आउँला

कंसको वध गर्ने काले कृष्णे मन पराए
नरोऊ राधा लिन साइत हेराएर आउँला

### २.६.१.२ गैर मुसलसल गजल

भिन्न-भिन्न विषयवस्तुको प्रयोगद्वारा निर्मित स्वतन्त्र शेरहरुबाट बनेको गजललाई गैर मुसलसल गजल भनिन्छ । गैर मुसलसल गजलका प्रत्येक शेरमा भिन्न-भिन्न विषयवस्तुको चित्रण गरिएको हुन्छ तर यी विषयवस्तुको प्रस्तुतिका दृष्टिले आफैँमा पूर्ण हुन्छन् । यसका प्रत्येक शेरहरु पृथक-पृथक विषयवस्तुको प्रस्तुतिमा केन्द्रित हुन्छन् । एउटै कथ्यको शृङ्खला नहुने भएकाले यस्तो गजललाई विशृङ्खलित गजल पनि भन्न सकिन्छ (परिश्रमी, पूर्ववत्:३२) । यहाँ भिन्न-भिन्न विषयवस्तु भएको अर्थात् गैर मुसलसल वर्गमा पर्ने गजलको उदाहरण प्रस्तुत गरिन्छ ।

सिरिरिरि चिसो हावा चल्दा मुटु काम्छ
भोक प्यासले हात पाउ गल्दा मुटु काम्छ

शिक्षकले गृहकार्य देखा भन्दा अनि
परीक्षामा गोलो आलु फल्दा मुटु काम्छ

वसन्तको बहारमा कोही हुरी बन्दा
बैसाखको धूपमा आगो बल्दा मुटु काम्छ

बर्षौ वर्ष लगाएर कमाएको थुप्रो
इज्जतको धरहरा ढल्दा मुटु काम्छ

सयौँ जुनी सँगै बस्ने बाचा कसम खा'को
आफ्नैले नै टाढा सम्झी छल्दा मुटु काम्छ

### २.६.२ काफिया

काफिया अरबी भाषाको पुलिङ्गी शब्द हो । यसको शाब्दिक अर्थ पछिपछि हिँड्ने वा

बारम्बार आउने भन्ने हुन्छ (बराल, पूर्ववत्:२९) । गजलमा काफियाको अत्यन्त महत्व रहेको हुन्छ । काफिया विना गजलको निर्माण हुन सक्दैन । काफिया गजलको प्राण वा आत्मा हो । काफियालाई गजलरुपी शरीरको मुटुको रुपमा लिइन्छ (परिश्रमी, पूर्ववत्:३२) । आत्माविना मानिसको शरीरको कुनै अस्तित्व नभएझैं काफिया विना गजलको अस्तित्व नै रहँदैन । त्यसैले काफियालाई गजलको विधागत पहिचान गराउने शक्तिको रुपमा लिइन्छ ।

गजलमा रदिफको अघिल्तिर आउने अनुप्रासयुक्त अर्थात् तुक मिलेको शब्द, शब्दांश वा अक्षर नै काफिया हो । अर्को भाषामा भन्दा अनुप्रासयुक्त पद, पदावली, अक्षर वा अक्षर समूहलाई काफिया भनिन्छ । मतलाका दुबै मिसरा र अन्य शेरहरुमा मिसरा-ए-सानीमा काफियाको प्रयोग हुन्छ । संरचनाका आधारमा काफिया पूर्ण शब्द काफिया, शब्दांश काफिया, एकाक्षरी काफिया र मिलित काफिया गरी चार प्रकारका हुन्छन् । (परिश्रमी, पूर्ववत्:३४) । काफियाका प्रकारलाई तालिकामा यसरी प्रस्तुत गर्न सकिन्छ ।

| एकाक्षरी काफिया | शब्दांश काफिया | पूर्ण शब्द काफिया | मिलित काफिया |
|---|---|---|---|
| यो | मायालु | छाड्ने | जगत |
| हो | दुधालु | गाड्ने | मन त |
| सन्चो | खर्चालु | भाँड्ने | फगत |
| कस्तो | बैँसालु | माड्ने | रगत |
| मीठो | मैतालु | फाँड्ने | अब त |
| लामो | बिसालु | बाँड्ने | तब त |

काफियाको उदाहरण:

जूनेलीको रात प्यारो प्रेममा
एकान्तैको बात प्यारो प्रेममा

दुकानैको रक्सिको पो के कुरा
परेलीको मात प्यारो प्रेममा

माथिका रेखाङ्कित रात, बात र मात शब्दहरु काफिया हुन् ।

## २.६.३ रदिफ

प्रत्येक शेरमा काफियाका पछाडि दोहोरिरहने शब्द वा शब्द समूहलाई रदिफ भनिन्छ । रदिफ अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो र यसको शाब्दिक अर्थ 'पछि-पछि हिँड्ने' हुन्छ भने साहित्यिक सन्दर्भमा चाहिँ यसको तात्पर्य गजलमा काफियाका पछि आउने शब्द वा शब्द समूह भन्ने हुन्छ (बराल, पूर्ववत्:३८) । गजलमा रदिफलाई अनिवार्य तत्व मानिँदैन तथापि गायनमा श्रुतिमधुरता थप्ने हुनाले अधिकांश गजलकारहरु यसलाई त्याग्न सक्दैनन् ।

शब्द प्रयोगका आधारमा रदिफ एकल रदिफ र बहुल रदिफ गरी दुई प्रकारका हुन्छन् । गजलका शेरहरुमा एउटा मात्र शब्दको प्रयोग भएको छ भने त्यसलाई एकल रदिफ भनिन्छ भने दुई वा दुई भन्दा बढी शब्द प्रयोग गरिएको रदिफलाई बहुल रदिफ भनिन्छ ।

एकल रदिफको उदाहरण:

आँखाबाटै मुटुभित्र पस्न सकिएन
दिल्को राजा बनी कतै बस्न सकिएन

बहुल रदिफको उदाहरण:

बिहानीमा घुमेको छु भरोसाको दियो बाली
वियोगैमा फुलेको छु भरोसाको दियो बाली

रदिफको प्रयोगका आधारमा गजललाई मुरद्दफ गजल र गैरमुरद्दफ गजल गरी दुई प्रकारमा विभाजन गर्न गरिन्छ:

### २.६.३.१ मुरद्दफ गजल

रदिफको प्रयोग गरिएका गजललाई मुरद्दफ गजल भनिन्छ । यस्ता गजलका सम्पूर्ण काफियाका पछाडि रदिफको प्रयोग अनिवार्य हुन्छ । एकल वा बहुल रदिफ प्रयोग गरिएका गजलहरु मुरद्दफ गजल हुन् । जस्तै:

के सोचेथेँ के के भयो जिन्दगी त कस्तो भयो
वल्लो घाट न पल्लो घाट जिन्दगी त सस्तो भयो ।

### २.६.३.२ गैर मुरद्दफ गजल

रदिफको प्रयोग नभएका गजललाई गैरमुरद्दफ गजल भनिन्छ । जस्तैः

पाती भनी समाको'थेँ सिस्नो परेछ
आफ्नै होला भनेको थेँ अन्तै सरेछ

### २.६.४ मतला

गजलको पहिलो शेरलाई मतला भनिन्छ । मतला अरबी भाषाको पुलिङ्गी शब्द हो । यसको शाब्दिक अर्थ 'उदय' भन्ने हुन्छ (बराल, पूर्ववत्:२२) । गजलमा प्रायः एउटा मात्र मतलाको प्रयोग गरिन्छ । मतलाका दुबै मिसरामा काफिया र रदिफको प्रयोग हुन्छ तर गैर मुरद्दफ गजल छ भने त्यसको मतलामा रदिफको प्रयोग हुँदैन । गजलमा एक भन्दा बढी मतलाहरु पनि प्रयोग हुन सक्छ त्यसो भएमा त्यसलाई हुस्ने मतला भनिन्छ । वस्तुतः मतलाको प्रयोगले गजललाई श्रुतिमधुर बनाउनका लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । गजल वाचन गर्दा होस् या गाउँदा हरेक शेर सिध्याएपछि मतलाको कुनै एक पङ्क्ति दोहोऱ्याइन्छ । जसले गर्दा गजल वाचन वा गायनमा साङ्गीतिकता र श्रुतिमधुरता थप्ने गर्दछ । मतलाका केही उदाहरण यसप्रकार छन्:

एउटा मतला भएकोः

जवानीले छुँदा माया एकान्तैमा भुलेकी छ्यौ
अबोधै त्यो सुगालाई मिचिओरी लुछेकी छ्यौ

एउटै गजलमा दुईवटा मतला प्रयोग भएको हिन्दी गजलः

दरहरकी यूँ खाक नछान ⎤
अपनी हस्तीको पहिचान ⎦ मतला

हर इन्साँको अपना जान — हुस्ने मतला अर्थात् मतला-ए-सानी
यह है सबसे उत्तम ज्ञान

-(परिश्रमी, पूर्ववत्:५६)

### २.६.५ मकता

गजलको अन्तिम शेरलाई मकता भनिन्छ । अरबी भाषामा मकतालाई मक्ता भनिन्छ। यसको शाब्दिक अर्थ समाप्ति वा समापन भन्ने हुन्छ । यसबाट के बुझिन्छ भने मकता भनेको गजललाई टुङ्ग्याउने अवयव हो वा अन्तिम शेर हो । सामान्यतः मकता गजलको अन्तिम वा आखिरी शेर भए तापनि कहिलेकाहीँ मकता गजलको जुनसुकै शेर भएर पनि आउन सक्छ । गजलमा एक भन्दा बढी मकताहरु पनि प्रयोग गर्न सकिन्छ । तीमध्ये पहिलोलाई मकता-ए-उला र अरुलाई मकता-ए-सानी भनिन्छ ।

कतिपय विद्वानहरुले गजलकारको उपनाम वा तखल्लुस प्रयोग भएको शेरलाई मकता भनेका छन् । वास्तवमा गजलको अन्तिम शेर अत्यन्त भावपूर्ण भई कविले अत्यन्त वैयक्तिक सन्दर्भलाई प्रयोग गरेको छ र त्यसमा उपनाम वा तखल्लुसको प्रयोग पनि भएको छ भने त्यसलाई मकता स्विकार्नु पर्छ; अन्यथा तखल्लुस भएरै पनि उक्त अन्तिम शेर भाव प्रक्षेपणका सन्दर्भमा कमजोर छ भने वा वैयक्तिक सन्दर्भ छैन भने उक्त प्रयोगलाई अपूर्ण मक्ता मान्नु पर्छ र उपनामको प्रयोग छैन तर पनि भावको राम्रो प्रस्तुति छ भने त्यसलाई पनि कमजोरी नै मान्नु पर्छ (बराल, २०६४:२६) ।

तखल्लुस प्रयोग भएको मकताको उदाहरणः

म देख्दिनँ धर्तीमा गुनी कहाँ छु
रविलाई आज गुनी सम्झी आएँ

-रवि प्राञ्जल (परिश्रमी, पूर्ववत्:५९)

तखल्लुसको प्रयोग नभएको मकताको उदाहरणः

चनाखो त्यो दिमाखैले यता ढोका नदेखे झैँ
अपुष्पैमा सुरागैको कणै खोज्दै डुलेकी छ्यौ

### २.६.६ तखल्लुस

तखल्लुस अरबी भाषाको पुलिङ्गी शब्द हो र यसको अर्थ सायर वा कविले आफ्नो कवितामा लेख्ने नाम वा उपनाम भन्ने हुन्छ (बराल, पूर्ववत्:४३) । यसर्थमा तखल्लुस भनेको कविको नाम वा उपनाम हो । तखल्लुस गजलको अनिवार्य तत्व होइन । गजलमा द्वैध अर्थ आउने तखल्लुसको प्रयोग गुर्न पर्छ अन्यथा यसको प्रयोग सही मानिँदैन । तखल्लुसको प्रयोग मूलतः गजलमा अर्थको चमत्कार उत्पन्न गराउन र लेखकको चिनारी गराउनका लागि गरिन्छ । तलको मकतामा दिइएको रेखाङ्कित शब्द तखल्लुस हो ।

> लुकाएर कति खाने हृदयमा चोटहरु
> 'घनु' तैंले 'मनु'सँग गाँठी कुरा खोले हुन्छ
>
> - घनश्याम परिश्रमी (परिश्रमी, २०६०:४)

### २.७ बहरको परिचय

बहर अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो । यसको अर्थ छन्द हुन्छ (बराल, पूर्ववत्:८४) । संस्कृत, हिन्दी र नेपालीका प्रचलित छन्दको विशेषताहरुको मिश्रण बहरमा पाइन्छ । बहर गजलका क्षेत्रमा प्रचलित नियम वा अनुशासन हो । यसले कुनै निश्चित सूत्र विशेषलाई बुझाउँछ । संस्कृत, हिन्दी र नेपालीमा झैँ उर्दू, फारसी कवितामा विविध शास्त्रीय छन्दहरुको प्रयोग पाइन्छ  र यस्ता छन्दलाई उर्दू पिङ्गल शास्त्रमा बहर भनिन्छ (परिश्रमी, २०५०:८७) । गजलका क्षेत्रमा बहर भन्नु नै छन्द हो । बहरलाई नेपाली बहर, मात्रामा आधारित बहर र शास्त्रीय बहर गरी ३ किसिमले वर्गीकरण गर्न सकिन्छ ।

### २.७.१ नेपाली बहर

नेपाली साहित्यमा गजलको सुरुवात युवाकवि मोतीराम भट्टद्वारा माध्यमिक कालमा भएको हो । नेपाली साहित्यमा गजलको प्रवेश सँगसँगै यसको लेखनमा केही नेपाली शैलीका लयहरु प्रचलनमा आएका छन् । गजल सम्बन्धी नेपाली बहरहरु उच्चार्य अक्षरमा आधारित छन् । यस्ता बहरहरु समान अक्षरको गणनाबाट बन्दछन् । वेदमा पनि 'यदक्षरः परिमाणः तच्छन्द' भनेर अक्षरको एकरुपतालाई छन्दका रुपमा स्वीकार गरिएको छ । नेपालीमा प्राथमिककालीन गजलहरु शास्त्रीय बहरमा लेखिएको

दृष्टिगत हुन्छ भने पुर्नजागरणकालमा प्रथमतः ललिजन रावल, मनु ब्राजाकीले उच्चार्य अक्षरको एकरुपतालाई आधार मानेर गजल लेखेका छन् (परिश्रमी, पूर्ववत्:६३) । त्यसपछिका गजलकारहरुले समेत अक्षरको एकरुपतालाई आधार मानेर गजल सिर्जना गर्न थाले जुन नेपाली बहरका रुपमा विकसित हुँदै गयो । यसरी नेपाली गजलका क्षेत्रमा विकसित भएका नेपाली बहरहरुका केही सूत्र र उदाहरणहरु यहाँ प्रस्तुत गरिन्छः

### २.७.१.१ तीन तीन अक्षरमा यति हुने ६ अक्षरका मिसरा

सतायो भोकले
दुख्यो मन शोकले
छ खुद्रा मारमा
दबायो थोकले

-घनश्याम परिश्रमी (परिश्रमी, पूर्ववत्:६४)

### २.७.१.२ चार र तीन अक्षरमा यति हुने ७ अक्षरका मिसरा

के भो लौ न रामनगर
रात पर्‍यो जामनगर

-श्यामप्रसाद न्यौपाने (परिश्रमी, पूर्ववत्:६४)

### १.७.१.३ चारचार अक्षरमा यति हुने ८ अक्षरका मिसरा

जन्मेपछि मर्नु पर्छ
प्रकृतिले यस्तै गर्छ

### २.७.१.४ तीन, चार र दुई अक्षरमा यति हुने ९ अक्षरका मिसरा

मेरो हर साधनामा तिमी
पलपलको सम्झनामा तिमी

-निर्मल ढुङ्गाना (परिश्रमी, पूर्ववत्:६४)

२.७.१.५ पाँच, पाँच अक्षरमा यति हुने १० अक्षरका मिसरा

प्रिय केही त दिएर जाऊ
फाटेको दिल सिएर जाऊ

-सुमित्रा बाड्देल 'चेली' (परिश्रमी, पूर्ववत्:६५)

२.७.१.६ चार, चार र तीन अक्षरमा यति हुने ११ अक्षरका मिसरा

जुनेलीको रात प्यारो प्रेममा
एकान्तैको बात प्यारो प्रेममा

२.७.१.७ चार, चार अक्षरमा यति हुने १२ अक्षरका मिसरा

पहाड फोड्ने हातहरुलाई सलाम
बिहानी बोक्ने रातहरुलाई सलाम

-रवि प्राञ्जल (परिश्रमी, पूर्ववत्:६५)

२.७.१.८ चार, चार र पाँच अक्षरमा विश्राम हुने १३ अक्षरका मिसरा

साथ खोजेँ हात दियौ जून पाइनँ
अँगालोमा बेरिएर रुन पाइनँ

२.७.१.९ चार, चार, चार र दुई अक्षरमा यति हुने १४ अक्षरका मिसरा

आफ्नो भाग्य आफैँले नै फोरिन्छ है यहाँ
रक्षा गर्ने देउता नि चोरिन्छ है यहाँ

२.७.१.१० चार, चार, चार र तीन अक्षरमा यति हुने १५ अक्षरका मिसरा

जन्तीसँगै बाजा गाजा बजाएर आउँला
पिरतीको भाकासँगै प्रेम गीत गाउँला

२.७.१.११ चार, चार अक्षरमा यति हुने १६ अक्षरका मिसरा

हाँसो खुसी हुँदा खेरी सबै साथी वरिपरि
दुःख पर्दा एक्लै हुँदा कुरा फेर्छन् घरिघरि

२.७.१.१२ पाँच, पाँच, चार र तीन अक्षरमा यति हुने १७ अक्षरका मिसरा

बलेको आगो सबैले ताप्छन् बाल्ने कोही भेटिनँ
छिया-छिया भो मुटुको कुना टाल्ने कोही भेटिनँ

२.७.१.१३ पाँच, चार, चार र पाँच अक्षरमा यति हुने १८ अक्षरका मिसरा

तस्बिर तिम्रै छ नि मनमा खै कसरी देखाऊँ मैले
बाहना छैन बोल्ने कुनै के भनेर बोलाऊँ मैले

-निर्मल ढुङ्गाना (परिश्रमी, पूर्ववत्:६८)

१.७.१.१४ पाँच, पाँच अक्षरमा यति हुने २० अक्षरका मिसरा

बुद्धहरुले युद्ध गरेको देखेर मेरो हृदय दुख्यो
नेपाल आमाको आँसु झरेको देखेर मेरो हृदय दुख्यो

-निर्मल ढुङ्गाना (परिश्रमी, पूर्ववत्:६८)

२.७.२ मात्रामा आधारित बहर

गजलमा प्रयोग भएका शब्दको मात्रामा आधारित हुने बहरलाई मात्रामा आधारित गजल भनिन्छ । यस्ता बहरमा लयमा आबद्ध गजलका शेरहरुका अक्षरको गणना नभई मात्राको गणना हुन्छ । यसमा ह्रस्व मात्रालाई एक मात्रा र दीर्घ मात्रालाई दुई मात्राका रुपमा लिइन्छ। गजलमा मात्राको गणना गर्दा व्याकरणको नियम अनिवार्य भने हुँदैन लेख्दा व्याकरणको नियम अनुसार लेख्ने र उच्चारण गर्दा लयलाई आधार मानी लयहेतु उपयुक्त ढङ्गले ह्रस्वलाई दीर्घ र दीर्घलाई ह्रस्व गर्न सकिन्छ । यस्तो नियमलाई मात्रामा गिरावट भनिन्छ (परिश्रमी, पूर्ववत्:६८) । मात्रामा आधारित केही गजलका शेरहरु यसप्रकार छन्:

बाह्र मात्रामा आधारित गजलः

अचम्मको काम भयो

जतासुकै जाम भयो

- डा. घनश्याम परिश्रमी (परिश्रमी, पूर्ववत्:६९)

सोह्र मात्रामा आधारित गजलः

शक्ति विनाको दिल अभिलाषी

आशा लाग्ने बन्न प्रत्यासी

- डा. घनश्याम परिश्रमी (परिश्रमी, पूर्ववत्:६९)

नेपाली गजलका क्षेत्रमा मात्रामा आधारित गजलहरु कमै मात्रामा रचिएको देखिन्छ । मात्राका आधारमा गजलहरु १० मात्रादेखि माथि ३२ मात्रासम्मका रचना गर्न सकिन्छ । नेपाली गजलका फाँटमा शास्त्रीय र नेपाली बहरले जति उचाइ तथा महत्व मात्रामा आधारित गजलहरुले पाउन सकेको देखिन्न ।

## २.७.३ शास्त्रीय बहर

छन्द भन्नाले वर्णको एकरुपता हो अथवा ह्रस्व र दीर्घको पालना सबै पङ्क्तिमा समान रुपमा भएमा सिर्जना छन्दोबद्ध हुन्छ (ओझा, २०६७:३५) । सिर्जनामा वर्णहरुको एकरुपताले लयको सिर्जना गर्दछ । कुनै निश्चित छन्द सूत्रका आधारमा निर्माण हुने र धेरै लामो समयदेखि गजलका क्षेत्रमा प्रचलित परम्परागत छन्द वा बहरबाट उत्पन्न हुने लयलाई शास्त्रीय लय भनिन्छ । संस्कृत, हिन्दी र नेपालीमा झैँ उर्दू, फारसी कवितामा विविध शास्त्रीय छन्दहरुको प्रयोग पाइन्छ र यस्ता छन्दलाई उर्दू पिङ्गल शास्त्रमा बहर भनिन्छ (परिश्रमी, पूर्ववत्:८७) । शास्त्रीय बहरहरुको निर्माण रुक्नहरुको मेलबाट हुने गर्दछ । रुक्न भनेको संस्कृत छन्दमा प्रयोग हुने गणको पर्यायवाची शब्द हो । यस सन्दर्भ अनुसार रुक्नहरुको संयोजनबाट बनेका अरकानहरुको संयुक्त रुप बहर हो, जसलाई उर्दू वृत्तशास्त्रमा शास्त्रीय बहर भनिन्छ ।

### २.७.३.१ शास्त्रीय बहरमा प्रयोग हुने विशेष शब्द

गजलमा प्रयोग हुने शास्त्रीय बहरहरुको चर्चा गर्नुपूर्व यसमा प्रयोग हुने केही

विशेष शब्दहरुको चर्चा गुर्न सान्दर्भिक हुन्छ । त्यसैले यहाँ केही शास्त्रीय बहरसँग सम्बन्धित शब्दको संक्षिप्त परिचय दिइएको छः

क) रुक्न

रुक्न गणको पर्यायवाची शब्द हो । संस्कृतमा गणले छन्द निर्माणमा जसरी भूमिका खेल्दछन् त्यसरी नै रुक्नले बहर निर्माणमा भूमिका खेल्दछन् (परिश्रमी, पूर्ववत्:७०) । संस्कृत हिन्दी छन्दशास्त्रमा आठ गणको व्यवस्था भए झैँ उर्दू छन्दशास्त्रमा पनि आठ रुक्नहरुको व्यवस्था रहेको पाइन्छ । ती रुक्नहरु यस प्रकार छन् ।

१. फऊलुन् (ISS) २. फाइलुन् (SIS) ३. फाइलातुन् (SISS)
४. मफाईलुन् (ISSS) ५. मुस्तफ्इलुन् (SSIS) ६. मुतफाइलुन् (IISIS)
७.मुफाइलतुन् (ISIIS) ८. मफ्उलातु (SSSI)

माथि उल्लेख गरिएका रुक्नहरुमध्ये फऊलुन् तीन अक्षर र पाँच मात्राका छन् भने अरु सबै सात मात्राका छन् ।

ख) अर्कान

अर्कान भनेको रुक्नहरुको संयुक्त रुप हो । रुक्नको मेलबाट अर्कानको निर्माण हुन्छ र अरकानहरुको संयोजनबाट बहरहरुको निर्माण हुन्छ । उर्दू वृत्तशास्त्रले गजलको संरचनाका लागि अनेकौं बहरहरु निर्दिष्ट गरेको छ । उर्दू वृत्तशास्त्रमा झण्डै पचासवटा बहरहरु तोकिएको पाइन्छ ।

ग) जमिन

जमिन भन्नाले गजलको बहर, रदिफ र काफियाको बोध हुन्छ (निराशी, २०६२:३३) एकै बहर, रदिफ र काफियाको प्रयोग भएको गजललाई जमिनको गजल भनिन्छ ।

घ) वजन

कुनै शब्द वा शब्द समूहको लघु गुरु क्रम वा मात्राक्रम वजन हो । गजलको

पहिलो मिसरा जुन वजनमा हुन्छ त्यही वजनमा अन्य मिसराहरु हुन्छन् (जगन्नाथ, सन्१९९७:३१) ।

ङ) जिहाफ

रुक्नमा आउने परिवर्तनलाई जिहाफ भनिन्छ । यसले अर्कानमा परिवर्तन गराउँछ (निराशी, पूर्ववत्:३४) ।

## २.७.३.२ शास्त्रीय बहरका प्रकार

गजलका सम्पूर्ण शास्त्रीय बहरहरुलाई मुख्यतः तीन किसिमले वर्गीकरण गरिएको छ । ती यसप्रकार छन्:

### २.७.३.२.१ मुफरद बहर (मूल छन्द)

एउटै रुक्नको आवृत्तिबाट बन्ने बहरलाई मुफरद बहर भनिन्छ (परिश्रमी, पूर्ववत्:७१) । यसअन्तर्गत हजज, रजज, रमल, मुतकारिब, मुतदारिक, कामिल र वाफिर गरी सात वटा बहरहरु पर्दछन् । त्यसमध्ये एउटा मिसरा एउटै रुक्नका चार अर्कान मिलेर बनेको छ भने त्यसलाई मुसम्मन सालिम भनिन्छ भने एउटै रुक्नका तीन अर्कान मिलेर बनेको छ भने त्यसलाई मुसद्दस सालिम भनिन्छ । एउटा मिसरा एउटै रुक्नका दुई मात्र अर्कानबाट बनेको छ भने त्यस्तो बहरलाई मुरब्बा सालिम भनिन्छ । यसरी मुफरद बहरका मुख्य सात र तिनका तीन/तीन भेदसहित एक्काईस बहरहरुका उदाहरण र सूत्रहरु क्रमशः तल प्रस्तुत गरिन्छ:

२.७.३.२.१.१ क) बहरे हजज मुसम्मन सालिमः पिङ्गल छन्द-विधाता

मफाईलुन् + मफाईलुन् + मफाईलुन् + मफाईलुन्
ISSS ISSS ISSS ISSS

यता हेऱ्यो यतै मेरा नजरमा राम प्यारा छन्
उता हेऱ्यो उतै मेरा नजरमा राम प्यारा छन् ।

-मोतीराम भट्ट (शर्मा, ई.१९४१:१)

जवानीले छुँदा माया एकान्तैमा भुलेकी छ्यौ
अबोधै त्यो सुगालाई मिचीओरी लुछेकी छ्यौ

ख) बहरे हजज मुसद्दस सालिम

मफाईलुन् + मफाईलुन् + मफाईलुन्

ISSS ISSS ISSS

म तिम्रो यादले मर्ने भएँ प्यारी

सके आजै त्यता सर्ने भएँ प्यारी

-नारायण निराशी (प्रसाई, पूर्ववत्:२०)

ग) बहरे हजज मुरब्बा सालिम/पिङ्गल छन्द-विजात

मफाईलुन् + मफाईलुन्

ISSS ISSS

मलाई भेट्न आऊ है

दिलैको माभ्क छाऊ है

२.७.३.२.१.२ क) बहरे रजज मुसम्मन सालिम/पिङ्गल छन्द-हरिगीतिका)

मुस्तफ्इलुन् + मुस्तफ्इलुन् + मुस्तफ्इलुन् + मुस्तफ्इलुन्

SSIS SSIS SSIS SSIS

आँधी बढ्यो छाती जल्यो, बाढी छ यो आँखाभरि

आशा मऱ्यो आस्था ढल्यो, बाढी छ यो आँखाभरि

-प्रभाती किरण (प्रसाई, पूर्ववत्:२१)

ख) बहरे रजज मुसद्दस सालिम

मुस्तफ्इलुन् + मुस्तफ्इलुन् + मुस्तफ्इलुन्

SSIS SSIS SSIS

मायालुले मीठो नबोले के भयो

गाँठी कुरा सारा नखोले के भयो

-नारायण निराशी (प्रसाई, पूर्ववत्:२१)

ग) बहरे रजज मुरब्बा सालिम

मुस्तफ्इलुन् + मुस्तफ्इलुन्

SSIS SSIS

माया गरौँ भन्दै छु म

सङ्गै मरौँ भन्दै छु म

-नारायण निराशी (प्रसाई, पूर्ववत्:२१)

२.७.३.२.१.३ क) बहरे रमल मुसम्मन सालिम

फाइलातुन् + फाइलातुन् + फाइलातुन् + फाइलातुन्

SISS SISS SISS SISS

भावनाको मूल्य के हो बुझ्न खोज्छन् दुष्ट मान्छे

कल्पनाको अर्थ के हो जान्न खोज्छन् दुष्ट मान्छे

-डा. घनश्याम परिश्रमी (परिश्रमी, पूर्ववत्:७३)

ख) बहरे रमल मुसद्दस सालिम

फाइलातुन् + फाइलातुन् + फाइलातुन्

SISS SISS SISS

जून चुहेको रात मलाई राम्रो लाग्छ

हर्षको बर्सात मलाई राम्रो लाग्छ

-डा. घनश्याम परिश्रमी (परिश्रमी, पूर्ववत्:७४)

ग) बहरे रमल मुरब्बा सालिम

फाइलातुन् + फाइलातुन्

SISS SISS

यो जवानी भो तिमीलाई

जिन्दगानी हो तिमीलाई

-डा. घनश्याम परिश्रमी (परिश्रमी, पूर्ववत्:७४)

२.७.३.२.१.४ क) बहरे मुतकारिब मुसम्मन सालिम/पिङ्गलछन्द-भुजङ्गप्रयात)

फऊलुन् + फऊलुन् + फऊलुन् + फऊलुन्

ISS ISS ISS ISS

इ सानै उमेरदेखि मन हर न लागे

यिनै सुन्दरीले जुलुम गर्न लागे

-मोतीराम भट्ट (प्रसाई, पूर्ववत्:२२)

ख) बहरे मुतकारिब मुसद्दस सालिम

फऊलुन् + फऊलुन् + फऊलुन्

ISS ISS ISS

मेरो दिलको धड्कन तिमी हौ

म बाँचेको जीवन तिमी हौ

- डा. घनश्याम परिश्रमी (परिश्रमी, पूर्ववत्:७५)

ग) बहरे मुतकारिब मुरब्बा सालिम

फऊलुन् + फऊलुन्

ISS ISS

छुट्यो रात फेरि

बढ्यो हात फेरि

- राज पाखे (ओझा, २०६७:४५)

२.७.३.२.१.५ क) बहरे मुतदारिक मुसम्मन सालिम/पिङ्गलछन्द -स्रग्विणी

फाइलुन् + फाइलुन् + फाइलुन् + फाइलुन्

SIS SIS SIS SIS

बाँच्न जान्ने भए प्यार हो जिन्दगी

क्यै नजान्ने भए भार हो जिन्दगी

-सरोज काफ्ले (काफ्ले, २०६२:१३)

ख) बहरे मुतदारिक मुसद्दस सालिम/पिङ्गल-महालक्ष्मी

फाइलुन् + फाइलुन् + फाइलुन्

SIS SIS SIS

आज माटो दुखेको छ है

रोग पक्कै लुकेको छ है

- डा. घनश्याम परिश्रमी (प्रसाई, पूर्ववत्:२३)

ग) बहरे मुतदारिक मुरब्बा सालिम/पिङ्गलछन्द-विमोहा

फाइलुन् + फाइलुन्

SIS SIS

प्यारमै हेलिएँ

हारमै जेलिएँ

- गोर्खे साइँलो (साँइलो, २०६२:१५)

२.७.३.२.१.६ क) बहरे कामिल मुसम्मन सालिम/पिङ्गलछन्द-प्रमदान

मुतफाइलुन् + मुतफाइलुन + मुतफाइलुन + मुतफाइलुन

IISIS IISIS IISIS IISIS

दिनको पचास त के हजार पटक् कती समझाउनू

म गरीबका घरमा हरे तिमिले यसोरि न आउनू

-मोतीराम भट्ट (शर्मा, पूर्ववत्:३)

ख) बहरे कामिल मुसद्दस सालिम

मुतफाइलुन् + मुतफाइलुन् + मुतफाइलुन्

IISIS IISIS IISIS

म त बस्छु है मुटु माझमा अब बास द्यौ

अनि फेर्छु है, तनसाथ त्यो प्रिय श्वास द्यौ

-घनेन्द्र ओझा (ओझा, पूर्ववत्:५०)

ग) बहरे कामिल मुरब्बा सालिम/संयुक्ता

मुतफाइलुन् + मुतफाइलुन्

IISIS IISIS

तिमिलाई प्रिये कति धाउनू

कसरी हो दर्शन पाउनू

- डा. घनश्याम परिश्रमी (परिश्रमी, पूर्ववत्:७८)

२.७.३.२.१.७ क) बहरे वाफिर मुसम्मन सालिम

मुफाइलतुन् + मुफाइलतुन् + मुफाइलतुन् + मुफाइलतुन्

ISIIS ISIIS ISIIS ISIIS

चुनेर अझै सजाउनु है नयाँ सपना हरु मनमा

हतास हुँदै भविष्य तिमी व्यथासँग भो नघोल्नु प्रिया

- सरोज काफ्ले (परिश्रमी, पूर्ववत्:७८)

ख) बहरे वाफिर मुसद्दस सालिम

मुफाइलतुन् + मुफाइलतुन् + मुफाइलतुन्

ISIIS ISIIS ISIIS

उदास भए उमङ्ग सबै तिमी नहुँदा

हराउँदछन् कि रङ्ग सबै तिमी नहुँदा

-निर्मल ढुङ्गाना (ओझा, पूर्ववत्:४९)

ग) बहरे वाफिर मुरब्बा सालिम

मुफाइलतुन् + मुफाइलतुन्

ISIIS ISIIS

म रोइरहेँ तिमी नहुँदा

र हाँसिरह्यौ तिमी म रुँदा

- डा. घनश्याम परिश्रमी (परिश्रमी, पूर्ववत्:७८)

## २.७.३.२.२ मुरक्कव बहर (मिश्रित छन्द)

भिन्नभिन्न रुक्नका अर्कानहरु मिलेर बन्ने बहरलाई मुरक्कब बहर भनिन्छ । यसअन्तर्गत मुन्सरेह, मुक्तजिव, मुजारे, खफीफ, वसित, मुजास, सरीअ, मुसाकील, जदीद, करीब, मदीद र तबील गरी बाह्रवटा बहरहरु पर्दछन् । यी बहरहरुको प्रयोग नेपाली गजल लेखनमा कम मात्रामा प्रयोग भएको पाइन्छ । यसका केही सूत्र र उदाहरणहरु यसप्रकार छन्:

क) बहरे मुन्सरेह

मुस्तफ्इलुन् + मफ्ऊलातु + मुस्तफ्इलुन् + मफ्ऊलातु

SSIS SSSI SSIS SSSI

यो जिन्दगीमा सङ्घर्ष गर्दै यहाँ बाँचेको छु

पीडा व्यथाका जङ्घार तर्दै यहाँ बाँचेको छु

- नारायण निराशी (ओभ्का, पूर्ववत्:५१)

ख) बहरे मुक्तजीव

मफ्ऊलातु + मुस्तफ्इलुन् + मफ्ऊलातु + मुस्तफ्इलुन्

SSSI SSIS SSSI SSIS

माया प्रीत लायौ भने स्वीकार्ने छु मायालु म

आफैँसँग आयौ भने स्वीकार्ने छु मायालु म

- नारायण निराशी (प्रसाई, पूर्ववत्:२५)

ग) बहरे मुजारे

मफाईलुन् + फाइलातुन् + मफाईलुन् + फाइलातुन्

ISSS SISS ISSS SISS

भए खाए जिन्दगानी, सधैँ राम्रो हुन्छ प्यारी

तिमी आए जिन्दगानी, सधै राम्रो हुन्छ प्यारी

-नारायण निराशी (प्रसाई, पूर्ववत्:२५)

घ) बहरे खफिफ

फाइलातुन् + मुस्तफ्इलुन् + फाइलातुन्

SISS SSIS SISS

थाल्छु यात्रा भन्ने अभ्कै तर्सिदै छ

मिर्मिरेमा पानी त्यतै बर्सिदै छ

- बलाराम दाहाल (ओभ्का, पूर्ववत्:५२)

ङ) बहरे बसित

मुस्तफ्इलुन् + फाइलुन् + मुस्तफ्इलुन् + फाइलुन्

SSIS SIS SSIS SIS

बेकारमा मैन भ्कैं गल्दै छ यो जिन्दगी

थोपा बनी पग्लदै छ यो जिन्दगी

- विभोर बराल (ओझा, पूर्ववत्:५२)

च) बहरे मुजास

मुस्तफ्इलुन् + फाइलातुन्

SSIS SISS

आगो फुके बल्छ बल्छ

सामन्त त्यो ढल्छ ढल्छ

-नारायण निराशी (प्रसाई, पूर्ववत्:२५)

छ) बहरे सरीअ

मुस्तफ्इलुन् + मुस्तफ्इलुन् + मफ्ऊलात्

SSIS SSIS SSSI

बोलाउँदा बिन्ती, तिमी आऊ फेरि

छाती चिरी माया, दिएँ लाऊ फेरि

-नारायण निराशी (प्रसाई, पूर्ववत्:२५)

ज) बहरे मुसकील

फाइलातुन् + मफाईलुन् + मफाईलुन्

SISS ISSS ISSS

आज आफै व्यथामा ऊ जलेको छ

प्रीतको त्यो कथामा ऊ जलेको छ

- राज पाखे (ओझा, पूर्ववत्:५३)

झ) बहरे जदीद

फाइलातुन् + फाइलातुन् + मस्तफ्इलुन्

SISS SISS SSIS

आउँदा ऊ लाग्छ आए सारा यहाँ

भावनाको गीत गाए प्यारा यहाँ

- विभोर बराल (ओझा, पूर्ववत्:५३)

ञ) बहरे करीब

मफाईलुन् + मफाईलुन् + फाइलातुन्

ISSS ISSS SISS

त्यही भट्टी अझै पस्ने गर्छु राती

सधैँ हल्का पिई बस्ने गर्छु राती

-नारायण निराशी (प्रसाई, पूर्ववत्:२७)

ट) बहरे मदीद

फाइलातुन् + फाइलुन् + फाइलातुन् + फाइलुन्

SISS SIS SISS SIS

दुख्छ आफ्नै चोटमा रुन्छु आफ्नै पीरमा

कैद भो मेरो खुसी प्रेम कै जञ्जीरमा

- जनक पौड्याल (ओझा, पूर्ववत्:५४)

ठ) बहरे तबील

फऊलुन् + मफाईलुन् + फऊलुन् + मफाईलुन्

ISS ISSS ISS ISSS

सधैँ सम्झना तिम्रो नआए त हुन्थ्यो नि

परेली उघार्दैमा नपाए त हुन्थ्यो नि

-नारायण निराशी (प्रसाई, पूर्ववत्:२७)

माथि उल्लिखित मुरक्कब बहर बाहेक उर्दू बहर शास्त्रमा अन्य मुरक्कब बहरहरु पनि प्रचलनमा देखिन्छन् । ती बहरहरुको पनि सूत्र र उदाहरण यहाँ प्रस्तुत गरिन्छः

अ. बहर रमल मसद्दस महजुफ (पिङ्गल छन्दःगीतिका)

फाइलातुन् + फाइलातुन् + फाइलातुन् + फाइलुन्

SISS SISS SISS SIS

यस् बखत्मा प्रीति गर्नू जालमा फस्नू न हो

आहमा पर्नू त चोखा धारमा बस्नू न हो

-मोतीराम भट्ट (परिश्रमी, पूर्ववत्:८०)

आ. बहरे हजज मुसद्दस महजुफ(पिङ्गल छन्द सुमेरु)

मफाईलुन् + मफाईलुन् + फऊलुन्

ISSS ISSS ISS

सधैँ हारेर बाँचेको मलाई

उपेक्षाले कुनै माला नदेऊ

-घनेन्द्र ओझा (परिश्रमी, पूर्ववत्:८०)

इ. बहरे मुतकारिब अस्लम मकबुज

मुस्तफ्इलुन् + फाइलुन् + फऊलुन्

SSIS SIS ISS

म शुष्क बादल पगारिरा'छु

खडेरीमा दिन गुजारिरा'छु

-बूँद राना (प्रसाई, पूर्ववत्:२७)

ई. बहरे खफिफ मख्बुन महजूफ मुन्सरेह

फाइलुन् + फाइलुन् + मफाईलुन्

SIS SIS ISSS

आज मेरो नजिक तिमी आयौ

यो भो बेठीक कि ठीक तिमी आयौ

- डा. घनश्याम परिश्रमी (परिश्रमी, पूर्ववत्:८२)

उ) बहरे हजज मुसद्दस महजुफ -पिङ्गल छन्द-दिगम्बरी)

मफाईलुन् + मफाईलुन् + मफाईलुन् + फऊलुन्

ISSS ISSS ISSS ISS

झरेको पात हुँ मेरो कहानी के सुनाऊँ

बितेको रात हुँ मेरो कहानी के सुनाऊँ

-गोपाल अश्क (परिश्रमी, पूर्ववत्:८२)

### २.७.३.२.३ मुजाहिफ बहर (परिवर्तित छन्द)

मूल रुक्नहरु तोडेर बनेका बहरहरुलाई मुजाहिफ बहर भनिन्छ। प्रमुख

मुजाहिफ बहर २२ प्रकारका मानिन्छन् । तापनि यसरी अन्य दर्जनौँ बहरहरु पनि बनेका पाइन्छन्  मुजाहिफ बहरमा माथिका बहरहरुको मिश्रित प्रभाव पर्दछ । यस्ता बहरहरु खास गरी मात्रा र लय भङ्ग नहुने गरी बन्दछन् । यस्ता बहरमा प्रयोग हुने परिवर्तित अर्थात् टुक्रिएका रुक्नहरुलाई जिहाफ भन्दछन् (परिश्रमी, पूर्ववत्:८२) । जिहाफका केही उदाहरणहरु तल प्रस्तुत गरिएको छः

मफऊलु (IISI), मफाईलु (ISSI), मुफाइलुन् (ISIS), फैलुन (SS), फयलातुन् (IISS), फा फे (S), फइलुन् (IIS), फऊलु (ISI), मुसतफइलुन् (SIIIS), मुफ्तइलुन् (SIIS), मफ्ऊलु (SSI), मफा (IS), मुतफाइलतुन् (IISIIS), फाइलातु (SISI) आदि ।

केही मुजाहिफ बहरका सूत्र र उदाहरण तल प्रस्तुत गरिन्छः

१. बहरे हजज मुसम्मन अखरब

मफ्ऊलु + मफाईलुन् + मफाईलुन्

SSI ISSS ISSS

भो भो नदुखाऊ मन जीवन बुझ यस्तै हो
रोएर हुने के हो सङ्घर्ष गरेकै हो

- डा. घनश्याम परिश्रमी (परिश्रमी, पूर्ववत्:८३)

२. बहरे हजज मुसम्मन मकबुज(पिङ्गल छन्द-पञ्चचामर)

मुफाइलुन् + मुफाइलुन् + मुफाइलुन् + मुफाइलुन्

ISIS ISIS ISIS ISIS

मलाई नित्य चित्तमा लिएर चल्दछिन् उनी
जसै म पुग्छु द्वारमा धपक्क बल्दछिन् उनी

-गोविन्दराज विनोदी (परिश्रमी, पूर्ववत्:८०)

३. बहरे हजज मुसद्दस मकबुज

मफाईलुन् + मफाईलुन् + मफाइलुन्

ISIS ISIS ISIS

४. बहरे हजज मुरब्बा मकबुज (पिङ्गल छन्द-प्रमाणिका)

मफाइलुन् + मफाइलुन्

ISIS ISIS

गयो सिकार गर्न जो

उतै उही सिकार भो

- डा. घनश्याम परिश्रमी (परिश्रमी, पूर्ववत्:८०)

५. बहरे हजज अस्तर मकबुज -पिङ्गल छन्द : चामर/तूणक)

फाइलुन् + मफाइलुन् + मफाइलुन् + मफाइलुन्

SIS ISIS ISIS ISIS

६. बहरे हजज मकखुफ

मफाईलुन् + मफाईलुन् + मफाईलुन् + मफाईलु

ISSS ISSS ISSS ISSI

७. बहरे हजज असतर

फाइलातु + फैलुन् + फैलुन् + मफाइलुन्

SISI SS SS ISIS

दाउमाथि राखी बेल्नू भएन है

पेल्न पाउँदैमा पेल्नू भएन है

-नारायण निराशी (प्रसाई, पूर्ववत्:२९)

८. बहरे हजज महजूफ

मफाईलुन् + मफा + मुस्तफ्इलुन् + फे
ISSS IS SSIS S

९. बहरे हजज असतर मकबुज मकबुब

फाइलातुन् + फाइलुन् + मफा
SISS SIS IS
छौ कि एक्लै, रातमा तिमी

बस्नु भन्छ्यौ, साथमा तिमी

-नारायण निराशी (प्रसाई, पूर्ववत्:२९)

१०. बहरे मुतकारिब मुसम्मन महजुफ (पिङ्गल छन्दःभुजङ्गी)

फऊलुन् + फऊलुन् + फऊलुन् + मफा
ISS ISS ISS IS

चिठी पत्रद्वारा खबर मात्र भो

तिमीलाई भेट्ने रहर मात्र भो

- डा. घनश्याम परिश्रमी (परिश्रमी, पूर्ववत्:८४)

११. बहरे मुतदारिक मुसद्दस मकतुअ

मुस्तफ् फैलुन् + मुस्तफ् फैलुन् + मुस्तफ् फैलुन्
SSSS SSSS SSSS

आफ्नो आफ्नो हक खोज्दै छन् जनता सारा

भाँच्दै शाही, सामन्ती संस्कारका दारा

- डा. घनश्याम परिश्रमी (परिश्रमी, पूर्ववत्:८५)

१२. बहरे मुतदारिक मुरब्बा मक्तुअ -पिङ्गल छन्दःविद्युन्माल)

मुस्तफ् फैलुन् + मुस्तफ फैलुन्

SSSS SSSS

अल्पायुमै छोड्यौ बाबा

व्यर्थै पीडा जोड्यौ बाबा

-गोर्खे साइँलो (साँइलो, पूर्ववत्:१४)

१३. बहरे हजज अखरब अबतर मुसद्दस (पिङ्गल छन्दः तोटक)

मफऊलु + मफा + मफऊलु + मफा

IISI IS IISI IS

सब रात बिते यसरी कि सधैँ

विरही मनमा छ झरी कि सधैँ

- डा. घनश्याम परिश्रमी (परिश्रमी, पूर्ववत्:८६)

१४. बहरे मुजारे मुसम्मन अखरब (पिङ्गल छन्दः दिक्पाल)

मफ्ऊलु + फाइलातुन् + फाइलातुन्

SSIS ISS ISS

रोएर दिन बिताएँ तारा गनेर राती

निठुरी रहेछ तिम्रो पत्थर समान छाती

-उपेन्द्रबहादुर जिगर (परिश्रमी, पूर्ववत्:८६)

१५. बहरे मुतदारिक मुजाहिफ (पिङ्गल छन्दः द्रुता)

फाइलुन् + मफा + फाइलुन् + मफा

SIS IS SIS IS

प्रेम हो खुसी प्रेम त्रासदी

प्रेम रोग हो प्रेम औषधी

- डा. घनश्याम परिश्रमी (परिश्रमी, पूर्ववत्:८७)

१६. बहरे रमल सालिम मखबुन मुसक्किल महजूफ

फाइलातुन् + फाइलातुन् + फाइलातुन् + फैलुन्

SISS SISS SISS SS

आज माटो रगतैले मुछिएको देखेँ

बेहुलीको सिउँदो त्यो पुछिएको देखेँ

-नारायण निराशी (प्रसाई, पूर्ववत्:३०)

१७. बहरे हजज मुसद्दस महजुफ (पिङ्गल छन्दः पीयूष वर्ष)

मफाइलुन् + मफाइलुन् + फाइलुन्

ISSS ISSS SIS

कसम खाएर भन्दै छु आज म

र तिम्रो नै त बन्दै छु आज म

-डा. घनश्याम परिश्रमी (परिश्रमी, पूर्ववत्:८८)

माथि उल्लेख गरिएका मुजाहिफ बहर (परिवर्तित बहर)हरु बाहेक अन्य धेरै मुजाहिफ बहरहरु रहेका छन् । विभिन्न रुक्नहरुलाई परिवर्तन गरेर यस्ता बहरहरु थुप्रै निर्माण गर्न पनि सकिन्छ । जस्तै :

१. मफ्ऊलातु + फाइलुन्

SSSI SIS

पीडा खुब खपीरहेँ

तिम्रै नाम जपीरहेँ

- डा. घनश्याम परिश्रमी (परिश्रमी, पूर्ववत्:८०)

२. फाइलुन् + मफाइलुन् + मफाइलुन् + मफा

SIS ISIS ISIS IS

लोभियौ कि उनको शिर पाउ देखेर

आत्तिने छौ किन्तु भित्र घाउ देखेर

- डा. घनश्याम परिश्रमी (परिश्रमी, पूर्ववत्:८०)

# तृतीय-परिच्छेद

# नेपाली गजलको प्रारम्भ र विकास

## ३.१ नेपाली गजलको विकासक्रम

गजल अरबी भाषामा जन्मिएर फारसी, उर्दू, हिन्दी हुँदै नेपाली साहित्यमा मौलाएको शृङ्गारिक साहित्यिक विधा हो । गीतिगुणयुक्त भएका कारण गीतसँग र छन्दोबद्ध भएका कारण कविता विधासँग यसको नजिकको सम्बन्ध रहेको पाइन्छ । फारसी र उर्दूमा निकै अघि देखि र्न ख्याति आर्जन गरेको गजल विधाले नेपाली साहित्यमा प्रवेश पाउन भने धेरै समय पर्खनु पऱ्यो । नेपाली साहित्यका क्षेत्रमा गजलको विकास साहित्यका अन्य विधाहरुभन्दा पछि भएको देखिन्छ । नेपाली साहित्यका क्षेत्रमा गजललाई सर्वप्रथम भित्र्याउने व्यक्ति युवाकवि मोतीराम भट्ट(१९२३-१९५३) हुन् । उनेले वि.सं. १९४१ तिर नेपाली साहित्यमा गजललाई भित्र्याएको देखिन्छ । त्यसैले नेपाली साहित्यमा गजलको प्रारम्भ वि.सं.१९४१ तिरको समयलाई र प्रारम्भकर्ताको रुपमा मोतीराम भट्टलाई लिनु पर्दछ ।

वि.सं. १९४४१ तिर मोतीराम भट्टले शृङ्गारिकताको प्रयोग गर्दै नेपाली साहित्यमा गजल भित्र्याए तापनि यसको काल विभाजनका सम्बन्धमा विभिन्न विद्वानहरुबीच मतमतान्तरहरु रहेको पाइन्छ । कोही यसलाई दुई काल खण्डमा र कोही तीन काल खण्डमा विभाजन गर्ने पक्षमा देखिन्छन् । समकालीन गजलका सम्पादक ललिजन रावलले भने मोतीरामदेखि प्राथमिक काल र २०४० ज्ञानुवाकरदेखि पुनर्जागरण कालमा गजलको स्वरुप देखा परेको (बस्ती, २०५३:१८) ठान्छन् । त्यस्तै नेपाली गजलका सम्पादक दुबसु क्षेत्रीले नेपाली गजलको विकास प्रक्रियालाई मोतीरामदेखि प्राथमिक काल, भीमनिधिदेखि माध्यमिक काल र ज्ञानुवाकरदेखि आधुनिक कालका रुपमा चर्चा गरेका छन् । त्यस्तै डा. खगेन्द्र प्रसाद लुइटेलले नेपाली गीत र गजल भाग-१ मा गजललाई नेपाली कविताको इतिहाससँग जोड्दै पहिलो चरण (सुरुदेखि १९९१ सम्म), दोस्रो चरण (१९९१ देखि २०३५ सम्म) र तेस्रो चरण (२०३६ देखि हालसम्म) गरी ३ चरणमा विभाजन गरेका छन् ।

'माध्यमिककालीन नेपाली गजल' शीर्षकमा विद्यावारिधि गरेका कृष्णहरि बरालका साथै

समालोचक राजेन्द्र सुवेदीले पनि नेपाली गजलको विकास प्रक्रियालाई तीन चरणमा विभाजन गरेर चर्चा गरेका छन् । त्यसै गरी नेत्र एटमको 'भित्र कतै दुख्छ भने' गजल सङ्ग्रहमा कृष्णहरि बरालले नेपाली गजलको इतिहासलाई तीन चरणमा विभाजन गरेका छन् । उनले नेपाली गजलको इतिहासलाई वि.सं.१९४१ देखि २००२ सम्म प्रथम चरण, वि.सं.२००३ देखि २०३५ सम्म दोस्रो चरण र वि.सं.२०३६ देखि हालसम्मको समयावधिलाई तेस्रो चरण गरी तीन चरणमा काल विभाजन गरेका छन् (प्रसाई, पूर्ववत्,४०) ।

यसरी नेपाली गजलको कालविभाजनका सन्दर्भमा मत-मतान्तर देखिए तापनि गजलहरुको संरचनात्मक स्वरुप एवं विषयगत प्रवृत्तिलाई अध्ययन तथा विश्लेषण गर्दा गजललाई तीन चरणमा विभाजन गर्नु उपयुक्त देखिन्छ । त्यसैले यहाँ नेपाली गजलको इतिहासलाई तीन चरणमा विभाजन गरी चर्चा गरिन्छ ।

### ३.१.१ प्रथम चरण (वि.सं.१९४१ देखि २००२ सम्म)

नेपाली गजल लेखनको प्रारम्भ युवाकवि मोतीराम भट्ट (१९२३-१९५३) बाट भएको हो । उनले नेपाली साहित्यको माध्यमिककालको प्रारम्भमा फारसी र उर्दूमा लोकप्रिय बन्न पुगेको गजल विधालाई नेपाली साहित्यमा भित्रयाए । उनले नेपाली साहित्यमा शृङ्गारिक धारा प्रारभ्भ गरेर वीर तथा भक्ति धारामा अल्मलिएको नेपाली कवितालाई एक पाइलो अगाडि मात्र सारेनन्, नेपालीमा गजल लेख्ने परम्परा बनाएर त्यस बेलाका संस्कृत छन्द र लोक छन्दसँग मात्र परिचित नेपाली पाठक तथा श्रोतालाई फारसी छन्दको स्वाद पनि चखाए (प्रसाई, पूर्ववत्:४०) । बनारसमा बस्दा भारतेन्दु हरिश्चन्द्रसँग उठबस, फारसी भाषाको अध्ययन, पन्नालालसँगको सङ्गीत शिक्षा लिनु जस्ता कार्यले तथा त्यतैको साहित्यिक परिवेशबाट प्रभावित भएर उनले गजल लेख्न थालेको देखिन्छ । यसै समयमा बनारस र काठमाडौं दुबै स्थानमा उनले कवि मण्डली निर्माण गरी सामूहिक रुपमा गजल लेखनलाई अगाडि बढाए जुन मण्डली मोती मण्डलीका नामले परिचित छ ।

नेपाली गजलको प्राथमिककालमा राणाहरुको भोग विलासजन्य परिवेश र युवा कविहरुको उमेर जन्य प्रभावले गर्दा मूलतः शृङ्गारिक भावका गजलहरु लेखिएको

पाइन्छ । यसै समयमा मोतीराम भट्टद्वारा सम्पादित सङ्गीत चन्द्रोद्रय (१९५६ पूर्व) नामक गजल सङ्ग्रह प्रकाशित भएको छ । यो नै नेपाली गजलको पहिलो गजल सङ्ग्रह हो । यसमा मोतीराम भट्ट लगायत लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, अम्जद हुसेन 'अन्जान', गजबका गजलहरु सङ्कलित छन् । यसमा सङ्कलित गजलहरुमा शृङ्गारिक भावका साथै भक्तिभाव र प्रकृतिचित्रण समेत पाइन्छ । यतिबेलाका शृङ्गारिक गजलमा काम वासनात्मक अभिव्यक्ति र भक्तिभावपूर्ण विषयवस्तुलाई कृष्ण र राधाका प्रेम प्रसङ्ग जोडेर शृङ्गारिक बनाइएको पाइन्छ ।

भीमनिधि तिवारी यस समयका अर्का गजलकार हुन् । उनका गजलहरु 'बयासी र बीस गजल मेरी (२००२) मा सङ्कलित छन् भने शम्भुप्रसाद ढुङ्गेल गजलहरु 'शम्भु भजनमाला' मा र जिगरका गजलहरु 'एक सय एक गजल (१९९६) मा सङ्ग्रहित छन् (ओझा, पूर्ववत्:६८) । यसैगरी बरालको 'आँसु' (१९८९) कृतिमा बहादुर सिंह बराल, मित्रसेन, दुर्गा मल्ल, गङ्गावती, मैतराम, पवित्रादेवी, शमशेर सिंह, दिलीप आदिका कतिपय गजल र कतिपय गजल ढाँचाका रचनाहरु सङ्कलित छन् । यस कृतिमा सङ्कलित अधिकांश गजलहरुमा शृङ्गार एवं भक्तिभावको वर्चश्व रहेको पाइन्छ । यस चरणमा नेपाली कविताका महत्वपूर्ण हस्ती लेखनाथ पौड्यालले पनि गजल रचना गर्ने रहर गरेको देखिन्छ । उनका भतृहरि निर्वेद (नाटक, १९६४), लक्ष्मीपूजा (नाटक, १९९४) तथा लालित्य भाग १, २ का केही रचनाहरुमा गजलको प्रयोग भएको देखिन्छ । यिनले आफ्ना गजलहरुमा शृङगार, करुण तथा भक्ति भावलाई बढी प्रयोग गरेका छन् ।

यसैगरी धेरै रसिकजन भनी ज्ञानशक्ति प्रेस गारखपुरद्वारा प्रकाशित नजा गजलमा भक्त, बेहोसी, निरालाजस्ता उपनामधारी विभिन्न गजलकारका गजलहरु सङ्कलित छन् (लुइँटेल, २०६७:८२) । यसमा सङ्कलित गजलमा शृङ्गारिकता र व्यङ्ग्यात्मकता पाइन्छ ।

यसरी नेपाली गजलको इतिहासलाई निर्क्योल गर्दा प्राथमिक काल वा पहिलो चरण वि.सं.१९४० तिर मोतीराम भट्टद्वारा सुरु भई भीमनिधि तिवारीको 'बयासी र बीस गजल मेरी' (२००२) सम्मको समयावधिसम्म कायम रहेको देखिन्छ । शृङ्गारिकता

प्रमुख प्रवत्ति रहेको यस चरणमा ईश्वरभक्ति, राष्ट्रप्रेम, नैतिक आदर्श, जातीय सुधार विषयक गजलको सिर्जना गरिएको पनि पाइन्छ । अरबी-फारसी छन्दको प्रयोग, उर्दूका गजलको प्रभाव, समस्यापूर्तिका ढङ्गबाट गजल सिर्जना, नाम र बनामे तथा शीर्षकयुक्त दुबै खाले गजलको सिर्जना, सामूहिक रुपमा गजल लेखन र प्रकाशन, गद्यप्रधान कृतिहरुमा समेत केही गजलहरु समावेश गर्ने प्रचलन, विभिन्न अलङ्कारको प्रयोग, भाषिक विविधता, लयात्मकता, गेयात्मकता आदि यस चरणका गजलमा पाइने प्रमुख प्रवृत्ति हुन् (लुइँटेल, पूर्ववत् :८३) ।

### ३.१.२ द्वितीय चरण (वि.सं.२००३ देखि २०३५ सम्म)

वि.सं. २००३ देखि वि.सं. २०३५ सम्मको समयावधिलाई नेपाली गजलको द्वितीय चरण मानिन्छ । यस कालमा फाट्टफुट्ट रुपमा गजल लेखिए पनि गजलको उर्वर विकास हुन सकेको देखिँदैन । यस कालमा गजल लेखनमा लगभग खडेरी पर्ने स्थिति आइपुगेको देखिन्छ । त्यसैले वि.सं. २००२ देखि वि.सं. २०३५ सालसम्मको कालावधिलाई नेपाली गजलको सुषुप्तकाल मानिन्छ (ओझा, पूर्ववत्:७०) । यतिबेला रचना गरिएका नेपाली गजलहरु नेपाली बहर वा लोकलयमा संरचित छन् । यस चरणका गजलहरुको संरचनात्मक पक्ष एकदमै शिथिल रहेको देखिन्छ । यस चरणका अधिकांश गजलकारहरु काफियाको प्रयोगमा समेत चुकेका देखिन्छन् । यस कालमा छिन्नलता, म.वि.वि.शाह लगायतले गजल लेखनको रुचि देखाए पनि गजलको नियम र अनुशासनलाई पालना गरेर कमै मात्रामा गजल रचना गरिएको देखिन्छ । संरचनाका दृष्टिले यति बेलाका गजलमा बहरको प्रयोगमा विचलन भएको पाइन्छ ।

नेपाली गजलको दोस्रो चरणमा कलम चलाउने महत्वपूर्ण प्रतिभाहरुमा गोपाल प्रसाद रिमाल, म.वि.वि.शाह, गोविन्द शर्मा'विमल', प्रेमप्रकाश मल्ल, भीम विराग, छिन्नलता, जी.शाह, रविन्द्र शाह, राममान तृषित, भूपी शेरचन, पुष्प नेपाली लगायतका पर्दछन् । यतिबेला लेखिएका गजलहरुलाई गीतको रुपमा सङ्गीतबद्ध गरेर समेत गाइएका छन् । म.वि.वि. शाहका गजलहरु उसैका लागि (२०१५), फेरि उसैका लागि (२०२१) र अझै उसैका लागि (२०४५) मा सङ्कलन गरिएका छन् । यिनका सङ्गीतबद्ध केही गजलहरु 'के छ र दिऊँ' गीति सङ्ग्रह (२०४८) मा सङ्कलन

गरिएका छन् । यिनले लेखेका गजलमा शृङ्गार र वियोग भाव पाइन्छ । उनी गजलको संरचनामा बाँधिनु भन्दा मुक्त प्रकारले गजल लेख्न मन पराउने गजलकार हुन् । उनका गजलमा आंशिक काफियाको प्रयोग भएको पाइन्छ भने कतिपय गजलमा काफिया प्रयोगमा त्यति सचेतता अपनाएको देखिँदैन ।

प्रेमप्रकाश मल्लका गजलहरु अनुभूतिका स्वरहरु (२०५४) मा सङ्कलन गरिएका छन्। यिनले आफ्ना गजलमा जीवनका आरोह र अवरोह तथा उकाली-ओरालीहरुलाई छाम्ने प्रयास गरेका छन् । संरचनाका दृष्टिले सफ देखिएका यिनका गजलहरु रागात्मक विषयमा केन्द्रित देखिन्छन् । गोविन्द शर्मा 'विमल'का गजलहरु 'सेवा नेपाल'(२०५९) पत्रिकामा छापिएका छन् । यिनका गजलमा देशभक्ति तथा शृङ्गारको भाव पाइन्छ भने काफियाको प्रयोगमा सचेतता देखिँदैन । यिनका गजलहरुमा गीत र गजलको समीश्रण भएको पाइन्छ । त्यस्तै गीत सङ्ग्रहमा सङ्ग्रहित छिन्नलताका धेरै रचनाहरु गजल जस्ता देखिए पनि गजलको संरचनाका दृष्टिले कमै मात्र रचनाहरु गजलको कोटिमा पर्दछन् ।

यसरी नेपाली गजलको द्वितीय चरणमा विभिन्न गजलकारहरुले गजल लेखे तापनि ती गजलहरु गजल संरचनाका दृष्टिले त्यति सफल देखिँदैनन् । अगिल्लो चरणका तुलनामा यस चरणमा गजल लेखनमा केही सुस्तता आएको देखिन्छ । यस चरणमा अगिल्लै चरणका कतिपय प्रवृत्तिको पुनरावृत्ति, शृङ्गारिकता र भक्तिभावकेन्द्री गजलकै आधिक्य, आशा र निराशाको स्वरको प्रस्तुति, भाषिक सरलता, अक्षर विन्यासका माध्यमबाट लयोत्पादन, आलङ्कारिकता र शब्द साङ्गीतिकता आदि यस चरणका गजलमा पाइने प्रमुख प्रवृत्ति हुन् (लुइँटेल, पूर्ववत्:८५) ।

### ३.१.३ तृतीय चरण (वि.सं.२०३६ देखि हालसम्म)

नेपाली गजल परम्परामा वि.सं. २०३६ देखि हालसम्मको समयावधिलाई नेपाली गजलको तृतीय चरण मानिन्छ । वि.सं.२००३ देखि २०३५ सालसम्म धर्मराएर बाँचेको गजललाई २०३५ सालमा मधुपर्कमा मुक्तक शीर्षकमा गजल शैलीको रचना प्रकाशित गरेर ज्ञानुवाकर पौडेलले नेपाली गजलको पुनरुत्थानको प्रयास गरेको पाइन्छ (ओझा, पूर्ववत्:७०) । उनले वि.सं. २०३६ सालको रुपरेखामा गजल नै

छपाएपछि भने नेपाली गजलको पुनर्जागरण वा तृतीय चरण सुरु भएको मानिन्छ । उनका ५४ ओटा गजलहरु खण्डहर नयाँ-नयाँ (२०४९) गजल सङ्ग्रहमा सङ्ग्रहित छन् । यस गजल सङ्ग्रहका गजलहरुमा तत्कालिन नेपाली समाजमा देखिएका विकृति र विसङ्गगतिप्रति तीखो व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । २०३६ पछि देखापर्ने अर्का चर्चित गजलकार ललिजन रावल हुन् । उनका केही गजलहरु (२०४३), बिरानो यो ठाउँमा (२०४६) र सिरानीमा आँसु (२०५९) गजल सङ्ग्रहहरु प्रकाशित छन् । यिनका अधिकांश गजलहरुमा प्रेमप्रणयमूलक विषयवस्तु पाइन्छ भने प्रकृतिप्रेम र जीवनका विविध पक्षहरुलाई समेत यिनका गजलले समेट्ने प्रयास गरेको पाइन्छ । उनका गजल सङ्ग्रहमा भएका धेरै जसो गजलहरु संरचनात्मक दृष्टिले सुदृढ छन् (एटम, २०६१:९६) ।

यस चरणका अर्का महत्वपूर्ण गजलकार रवि प्राञ्जल हुन् । यिनका घामका झुल्काहरु(२०४७), तारिदेऊ न माझिदाइ (२०४८) र उही बाढी उही भेल (२०५२) गजल सङ्ग्रह प्रकाशित छन् । यिनका गजलहरुमा शृङ्गारिक भावका साथै मानवमनका सुख-दुःख, सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य, राजनीतिमा देखिएका फोहोरी खेल सम्बन्धी महत्वपूर्ण भावहरु पाइन्छन् । संरचनाका दृष्टिले यिनका गजलहरु सुदृढ र बलिया छन् । यसै चरणमा मनु ब्राजाकीका गजलगङ्गा (२०५१) तथा काँडाका फूलहरु (२०५६) गजल सङ्ग्रहहरु प्रकाशित छन् । यिनका गजलमा सुरा-सुन्दरीको वर्णन, धार्मिक अन्धविश्वास तथा राजनीतिक, आर्थिक र सामाजिक विकृतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । यिनका गजलहरु प्रायः १२, १४ र १६ अक्षरमा आधारित छन् । यसै चरणमा बुँद रानाको एउटा गजल सङ्ग्रह प्रकाशित भएको देखिन्छ र त्यो हो ‘रातो मलाई प्यारो’ (२०५६) । यसमा उनका ७५ ओटा गजलहरु सङ्कलन गरिएका छन् (एटम, पूर्ववत्:९९) । यिनका गजलमा प्रगतिशील चिन्तन कलात्मक रुपमा प्रकट गरिएको छ भने सामाजिक विषयवस्तुलाई समेत समावेश गरिएको छ ।

२०३६ सालपछि प्रकाशित भएका अन्य गजल सङ्ग्रहहरुमा धर्मोगत शर्मा ‘तुफान’ का तुफानका गजलहरु (२०४२) र देशको माटो दुख्ने गर्छ (२०४९), उज्वल जि.

सी.का मनका तरङ्गहरु (२०४८) र नखोज आँसु बर्साउन (२०६१), घनश्याम न्यौपाने 'परिश्रमी'का यो मौसम (२०५०), घामका छहारीमा (२०५३) र जून चुहेको रात (२०६०), यज्ञविक्रम शाहीको बाँच्ने रहरहरु (२०५०), धर्म अकिञ्चन मृगमरीचिका (२०५२), वियोगी बुढाथोकीका आफन्तका चोटहरु (२०५२) र गजल तिम्रो नाम होइन (२०६३), मनु पौडेलको गजलोत्सव (२०५३), श्रेष्ठ प्रिया पत्थरका पग्लिएका व्यथाहरु (२०५३), पत्थरका प्रलापहरु (२०५९) र आँसुको सौगात (२०६०), आर.बी.फ्लेमको ज्वालाका रापहरु (२०५४), के.बी. उदयको जेलभित्रको मुटु (२०५४), गोवर्धन पूजाको धर्तीको धुलो (२०५४), दिव्य गिरीको सागर लहर किनार (२०५४), काशीराम विरसका जिन्दगीका रेखाहरु (२०५६) र स्पर्शका अनुभूति (२०५८), गोविन्दराज विनोदीका निर्मम निर्मम घडीहरु (२०५६) टिकाराम उदासीको परिवेशका धुनहरु (२०५६), बुँद रानाका रात मलाई प्यारो (२०५६) र चल्दै छ जिन्दगी (२०६४), अमर त्यागीको बाँसुरीमा आँसुका गीत (२०५७), उत्सव खरेलको टाढिएको वसन्त (२०५७), पूर्ण भण्डारी 'पङ्कज'को सङ्कल्पका शिखा (२०५७), रमेश हरिलट्ठकको दबाइएका स्वरहरु (२०५७), विजय सुब्बाको विजय सुब्बाका गीत र गजलहरु (२०५७), कृसु क्षेत्रीको अर्धमुदित आँखाहरु(२०५८), नारद निठुरीको चहऱ्याइरहेका घाउहरु (२०५८), माधव वियोगीको गुम्सिएका भावहरु(२०५८), विष्णु बहादुर सिंहका सलबलाउँछन् ओठहरु (२०५८) र इन्द्रेणी (२०६०), गोपाल पौडेलको छातीभरि तिम्रो माया (२०५९), दीर्घराज अनुरागको उनैको यादमा (२०५९), प्रोल्लास सिन्धुलीयको आँखाभरि भँइकुहिरो (२०५९), प्रदीप बगरको तिम्रो याद (२०६०), स्वागत नेपालको धमिराको दरबार (२०६०), निर्मल ढुङ्गानाको दिन हराएको दिन (२०६१), नेत्र एटमको भित्र कतै दुख्छ भने(२०६१), रुपक वनवासीको हल्का मध्यपान (२०६३), नारायण निराशीको तुषारोमा फुलेका फूलहरु(२०६४), विक्रम विवशको जेल जिन्दगी (२०६४), सरुभक्तको साइबर क्याफेमा एक दिन (२०६४), सुरेश सुवेदीको अनुभूतिका डोबहरु (२०६४), सावित्री कार्कीको समर्पण (२०६४) र उत्पीडन(२०६५), ज्योति जङ्गलको अक्षरमा तिमी (२०६५), डा.निरज भट्टराईको मेरो भन्नु केही छैन(२०६५) र तलास (२०६७), रेणु थापा 'सोलु'को सङ्घर्षका पाइला (२०६६), डा. सुधा शाहीका यस्तो बेलामा (२०६७) र केही त छ जरुर (२०६७) आदि गजल सङ्ग्रहहरु महत्वपूर्ण रहेका छन् ।

माथि उल्लेख गरिएका गजलकार र गजल सङ्ग्रहहरु बाहेक नेपाली गजलको तृतीय चरणमा विभिन्न व्यक्तिहरुद्वारा सम्पादित अलग-अलग गजलकारहरुका गजलहरुलाई समेटिएका गजल सङ्ग्रहहरु समेत प्रकाशित भएका छन् । ती मध्ये ललिजन रावलद्वारा सम्पादित समकालीन नेपाली गजल (२०४७), दुवसु क्षेत्रीद्वारा सम्पादित आकाश (२०५०), वियोगी बुढाथोकी र कृसु क्षेत्रीद्वारा सम्पादित प्रतिनिधि नेपाली गजल (२०५७), शिव रेग्मी 'प्रणत'द्वारा सम्पादित पूर्वाञ्चलका समसामयिक केही गजल (२०६०), भोला धरातलद्वारा सम्पादित गुलाफका पत्रहरु (२०६१), हराएका आँसु (२०६४), ऊ जस्तो कोही छैन (२०६५), श्याम प्रसाद न्यौपानेद्वारा सम्पादित नवलपरासीका समसामयिक गजल (२०६१), बालकृष्ण थपलियाद्वारा सम्पादित गजल पथका यात्रीहरु (२०६१), रमेश शुभेच्छुद्वारा सम्पादित नेपाली गजलमा नारी हस्ताक्षर (२०६२), निर्मल ढुङ्गानाद्वारा सम्पादित शुभरात्रि गजलगङ्गा (२०६२), धीरज गिरि 'कल्पित'द्वारा सम्पादित नेपाली गजल (२०६२), पुण्य अधिकारी 'अञ्जली'द्वारा सम्पादित गजल बिम्ब (२०६२), घनेन्द्र ओझाद्वारा सम्पादित मध्यपश्चिमका गजल हस्ताक्षर (२०६३), आर.के. अदिप्तद्वारा सम्पादित ई समकालीन नेपाली गजल (२०६४), अनुराग अधिकारीद्वारा सम्पादित गजल यात्राका सहयात्रीहरु (२०६५), रुपीन्द्र प्रभावीद्वारा सम्पादित गजल उत्सव (२०६७), आदि उल्लेखनीय छन् (डा. खगेन्द्र प्रसाद लुइँटेल, २०६७:९०) । त्यसैगरी गजल विशेषाङ्कका रुपमा प्रकाशित आरोहण (२०४६), विजया (२०४७), वसुन्धरा (२०४९), सन्देश(२०५२), प्रतिभा (२०५३), झर्ना (२०५३), गुञ्जन (२०५८), धौलागिरि स्पन्दन (२०५९), स्वर्ण गजुर (२०६०), प्रज्ञापन (२०६०), शब्दाङ्कुर आदि पत्रिकाले पनि गजलको विकासमा विशेष योगदान दिएका छन् (प्रसाई, पूर्ववत्:५०) ।

यसरी विभिन्न व्यक्तिहरुद्वारा सम्पादित गजल सङ्ग्रह र पत्रपत्रिकाका साथै विभिन्न व्यक्तिहरुले नेपाली गजलको विकासमा ठूलो योगदान पुऱ्याएका छन् । नेपाली गजलको विकासमा निरन्तर साधना गरिरहेका केही गजलकारहरु यसप्रकार छन् : अच्युत असीम दर्पण, अमृता ताम्रकार, अरुण बहादुर खत्री, अस्मिता भण्डारी, इन्दिरा प्रसाई, इन्दु अधिकारी, ईश्वर थापा 'प्याला', उज्ज्वल जि.सी., उत्तम कृष्ण मजगैया, उमेश रेग्मी, कविराज पोखरेल, कुमार शिशिर, कृष्ण प्रसाद बस्याल, पुरुषोत्तम पाण्डेय, कृष्णहरि बराल, खिमानन्द पोखेल, खेम सापकोटा, खोलाघरे साइँलो,

गणेशमान शाक्य, गणेश बन्जारा, गीता कार्की, गोपी दबाडी, धनश्याम पथिक, चेतन कार्की, चेतनाथ धमला, जगत नवोदित, अमीर निशाचर, अविनाश श्रेष्ठ, अर्जुन दाहाल, जय पौडेल, जीत कार्की, टीका फुलारा, तारा मैनाली, तीर्थ सागर, दिलु श्रेष्ठ, दीपक लोहनी, देवी नेपाल, देवेन्द्र सुगाला, धीरज गिरि, धीरेन्द्र प्रमर्षि, नवराज लम्साल, नारायण निराशी, नारायणी देवकोटा, नीलम कार्की 'निहारिका' प्रकाश घायल, प्रकाश बस्नेत, पुष्पहरि क्याम्पा राई, प्रमोद स्नेही, बालकृष्ण लामिछाने, भरत भारद्वाज, भीम राना 'जिज्ञासु', भुपेन्द्र खड्का, भुपेन्द्रजङ् शाही, मनोज न्यौपाने, मुरारी प्रसाद सिग्देल, युवराज नयाँघरे, रमेश पौडेल, रमेश लम्साल, रमेशप्रसाद सागरु रमेश क्षितिज, रविका भण्डारी, राजकुमार बगर, रामशरण दर्नाल, राधाकृष्ण भट्टराई, राम बहादुर पहाडी, रेनुका भट्ट, रोशनी खनाल, विप्लव ढकाल, ज्ञानु विद्रोही, भीम भुसाल 'वल्लभ', ज्ञानेन्द्र विवश, हितानन्द निरौला, हरि अधिकारी, हरिशरण थापा, सूर्य चापागाई, सुवास अगम, सुरेश वाग्ले सुनिता कार्की, व्याकुल पाठक, व्याकुल माइला, लव गाउँले, विष्णु ज्ञवाली, विजय वजिमय, रेनुका भट्ट, लक्ष्मी घिमिरे, सुरेश सुवेदी, शारदा पराजुली, श्याम सङ्कल्प, सनतकुमार बस्ती, ध्रुव प्रसाद ढकाल, शैलेन्द्र अधिकारी आदि ।

यसरी २०३६ देखि सुरु भएको नेपाली गजल परम्पराको तृतीय चरणका गजलमा सामाजिक, राजनैतिक, आर्थिक आदि विभिन्न क्षेत्रमा देखा परेका विकृति र विसङ्गतिको चित्रण गरिएको पाइन्छ। सरल र सहज भाषाशैलीमा लेखिएका यतिबेलाका गजलहरुमा सहरिया स्वार्थी प्रवृत्तिको तीव्र विरोध, आशावादी र निराशावादी स्वरको प्रस्तुति तथा प्रगतिशील दृष्टिकोण प्रस्तुत भएको पाइन्छ । गजलको संरचनात्मक पक्षलाई हेर्दा यतिबेलाका गजलहरुमा विभिन्न बहरहरुको सचेततापूर्वक प्रयोग गरिएको पाइन्छ । नेपाली गजलको विकास प्रक्रियामा २०३६ पछिको समयलाई उर्वर नै मान्नुपर्छ किनभने यस समयमा धेरै नवोधित गजलकारहरुको सक्रियता, गजलप्रतिको मोह र गजललाई संगीतबद्ध समेत व्यापक रुपमा भइरहेको छ ।

## ३.२ मलाई मनपर्ने केही गजलकार र तिनका केही प्रतिनिधि गजल

गजल एक गीतिगुणयुक्त शृङ्गारिक साहित्यिक विधा हो । नेपाली साहित्यका क्षेत्रमा यसको प्रारम्भ मोतीराम भट्टले माध्यमिक कालमा गरेका हुन् । माध्यमिक कालदेखि हालसम्म नेपाली गजल लेखनको परम्परामा धेरै गजलकारहरु देखा परेका छन् । यतिबेला नेपाली साहित्यका क्षेत्रमा गजलको बाढी नै आएको छ । नयाँ-नयाँ सर्जक र गजलकारहरुको उदयले नेपाली साहित्यमा गजलले फस्टाउने मौका पाएको छ । नेपाली गजल लेखनले महत्व पाइरहेका बेलामा धेरै नेपाली गजलहरु र तिनका गजलहरुको अध्ययन गरियो । तीमध्ये नेपाली गजलको फाँटमा ठूलो योगदान पुऱ्याउने तीन गजलकार र तिनका ३/३ वटा गजलहरुको अध्ययन एवं विश्लेषण गरिन्छ । यहाँ ती तीन गजलकारहरुमा नेपाली गजलका प्रारम्भकर्ता तथा नेपाली गजलको पहिलो चरणका मोतीराम भट्ट, तेस्रो चरणका मनु ब्राजाकी र सनतकुमार बस्तीका ३/३ वटा गजलहरुको अध्ययन एवं विश्लेषण प्रस्तुत गर्ने जमर्को गरिएको छ । नेपाली गजलको दोस्रो चरण गजल सिर्जनाका दृष्टिले त्यति उर्वर नमानिएकाले त्यसको प्रतिनिधित्व गर्ने गजलकारको यहाँ चर्चा गरिएको छैन भने पहिलो र दोस्रो चरणका गजलकारहरुका ३/३ गजलहरुको संक्षेपमा विवेचना तल प्रस्तुत गरिन्छ ।

### ३.२.१ मोतीराम भट्ट

मोतीराम भट्ट (वि.सं.१९२३-१९५३)ले नेपाली गजल लेखन परम्पराको प्रारम्भ गरेका हुन् । नेपाली साहित्यको क्षेत्रमा गजल लेखनको सर्वप्रथम सुरुवात गरेका हुनाले उनलाई नेपाली गजलका पिता पनि मानिन्छ । फारसी र उर्दूमा प्रचलित गजललाई नेपाली साहित्यमा भित्र्याएर उनले भक्ति र शृङ्गार रसलाई गजलमा समावेश गरेका छन् । उनले फारसी र उर्दूमा प्रचलित बहरहरुमा गजल सिर्जना गरेका छन् । उनका गजलहरु **संङ्गीत चन्द्रोदय**मा सङ्कलित छन् । सङ्गीत चन्द्रोदयमा सङ्कलित भट्टका ३ गजलहरुको बाह्य संरचनाको सङ्केतात्मक तालिका यसप्रकार छः

| क्र.सं. | गजल | शेर संख्या | काफिया | रदिफ | बहर | तखल्लुस | स्रोत |
|---|---|---|---|---|---|---|---|
| १ | यता हेऱ्यो यतै मेरा..... | ५ | - | + | हजज | + | सङ्गीत चन्द्रोदय |
| २ | दुई आँखी भौँ............. | ६ | + | + | कामिल | + | |
| ३ | दिनको पचास.......... | ९ | + | - | कामिल | + | |

माथि तालिकामा उल्लेख गरिएका तीनवटा गजलमध्ये गजल १ ले रामप्रतिको भक्तिभावलाई प्रस्तुत गरको छ भने बाँकी गजल २ र ३ ले शृङ्गारिक भाव वा शृङ्गार रसको प्रस्तुत गरेका छन् । गजल २ र ३ मा नायिकाको सौन्दर्य, हाउभाउ, चेष्टा र तिनबाट नायकमा हुन गएको विमुग्धतालाई प्रस्तुत गरिएको छ । सरल र सहज शैलीमा प्रस्तुत गरिएका यी गजलले अभिधात्मक अर्थ सम्प्रेण गरेको देखिन्छ । माथि उल्लिखित गजलमा बहरका नियम मिलाउन भट्टले अजन्त अक्षरलाई पनि हलन्त गरेको पाइन्छ । यति हुँदा हुँदै पनि यिनका गजलमा बहरको नियम पूर्ण रुपमा पालना गरेको पाइँदैन । गजल १ मा काफियाको प्रयोग पूर्ण रुपमा पालना गरिएको छैन भने गजल २ र ३ मा काफियाको प्रयोग गरिएको छ । गजल १ मा काफियाको शुद्ध प्रयोग नगरिएकोले उक्त गजललाई शास्त्रीय सिद्धान्त अनुसार गजल मान्न सकिँदैन । माथिका ३ गजलमध्ये गजल ३ मा रदिफको प्रयोग गरिएको छैन भने गजल १ र २ मा रदिफको प्रयोग गरिएको छ । उल्लिखित गजलहरुमा भट्टले तखल्लुसको प्रयोग आकर्षक रुपमा गरेका छन् । उनका यी गजलहरु लयात्मकता र गेयात्मकताका दृष्टिले उत्कृष्ट छन् ।

### ३.२.२ मनु ब्राजाकी

मनु ब्राजाकी नेपाली गजल परम्पराको तस्रो चरणका उल्लेखनीय गजलकार हुन् । उनका गजलगङ्गा (२०५१) र काँडाका फूलहरु (२०५६) जस्ता गजल सङ्ग्रहहरु प्रकाशित छन् । उनले १२, १४ र १६ अक्षरमा आधारित लयलाई आधार मानेर गजल सिर्जना गरेका छन् । उनका गजलमा सुरासुन्दरीको वर्णन, धार्मिक अन्धविश्वास, सामाजिक, राजनैतिक र आर्थिक विकृति तथा विसङ्गतिप्रति व्यङ्ग्य, मादक पदार्थको सेवनको कन्त विजोग अवस्थाको चित्रण गरिएको छ । नेपाली

समाजको वास्तविक यथार्थलाई गजलमा प्रस्तुत गर्न सक्ने खुबी भएका गजलकार मनु ब्राजाकीका ३ गजलहरु र तिनका बाह्य संरचनाको विवरण सङ्क्षेपमा तलको तालिकामा प्रस्तुत गरिन्छः

| क्र.सं. | गजल | शेर संख्या | काफिया | रदिफ | बहर | तखल्लुस | स्रोत |
|---|---|---|---|---|---|---|---|
| १ | कस्का लागि उन्न थाल्यौ... | ७ | + | - | स्वनिर्मित | + | गजल गङ्गा |
| २ | हृदयको ढोका खोली... | ७ | + | + | स्वनिर्मित | + | |
| ३ | गल्लीभित्र एउटा सानो.. | ७ | + | + | स्वनिर्मित | + | |

माथि उल्लिखित गजलहरुमा विविध विषयवस्तुको प्रस्तुति गरिएको पाइन्छ । गजल १ मा आफ्नी प्रमिकाले अर्कैलाई पहिराउन फूलका मालाहरु उन्दै गर्दा प्रमी रक्सीका प्यालाहरु गन्दै सिध्याउँदै गरेको कुरा प्रस्तुत गरिएको छ । जिन्दगीमा उज्यालो र उमङ्ग खोज्दा-खोज्दै प्रेमिका सुनका बालाहरुतर्फ आकर्षित भएको र प्रमी अभावको गाउँतिर लागेको प्रसङ्ग यस गजलमा प्रस्तुत गरिएको छ । यहाँ प्रेमलाई हल्का रुपमा लिने र प्रेम के हो भन्ने कुरालाई चिन्न नसक्ने प्रवृत्तिलाई विरोध गरिएको छ । यस गजलमा पूर्ण रुपमा काफियाको प्रयोग गरिएको छ भने तखल्लुसको प्रयोगले अर्थको गहनतालाई बढाएको छ । स्वनिर्मित बहरमा संरचित यस गजलमा सरल र सहज शब्दको प्रयोगले लयात्मकता र साङ्गीगीतिकता थपेको छ ।

गजल २ मा प्रेम गर्नेहरुको कथाव्यथालाई प्रस्तुत गरिएको छ । प्रेम गर्न चाहने र प्रेम गर्ने तर अरुका कुरा सुनेर या दृष्टिभ्रमले गर्दा आफ्नै प्रेमी वा प्रेमिकामाथि शङ्काको दृष्टिले हेर्ने प्रवृत्तिलाई यस गजलले प्रस्तुत गरेको छ । ७ शेरमा संरचित यस गजलमा काफिया र रदिफको उचित प्रयोग गरिएको छ भने गजलकारले अर्थमा विश्वस्नीयता बढाउन तखल्लुसको प्रयोग गरेका छन् । गजल ३ मा भिन्न-भिन्न विषयवस्तुको उठान गरिएको छ । यसमा प्रेमका नाममा देखिएको नग्नता, देश बनाउने नाममा गरिएको छेपारोको पहिरन, ठूलाबडामा देखिएको चलखेल आदि कुराहरुलाई प्रस्तुत गरिएको छ । प्रेम प्रसङ्ग, देशको अवस्था र बढ्दो नक्कली भेषलाई प्रस्तुत गर्न सफल

यस गजलमा पूर्ण शब्द काफिया र एक शब्दात्मक रदिफको प्रयोग गरिएको छ । संरचनाका दृष्टिले सबल बन्न पुगेको यस गजलमा गजलकारले तखल्लुसको प्रयोग बढो आकर्षक रुपमा गरेका छन् ।

### ३.२.३ सनत कुमार बस्ती

सनत कुमार बस्ती नेपाली गजलको तेस्रो चरणमा देखा परेका उत्कृष्ट गजलकार हुन् । उनी गजलकार मात्र नभएर संगीतकार र गायक पनि हुन् । उनले आफैं गजल रचना गरी त्यसैमा आफैंले सङ्गीत र स्वर समेत दिएका छन् । उनले प्रणयमूलक मात्र नभएर सामाजिक, आर्थिक र राजनैतिक विषयवस्तुलाई समेत आफ्ना गजलमा समावेश गरेका छन् । उनका वाह! गजल गजलको किताबमा सङ्कलित ३ गजलहरुको बाह्य संरचनालाई तलको तालिकामा सङ्क्षिप्त रुपमा प्रस्तुत गर्न सकिन्छः

| क.सं. | गजल | शेर संख्या | काफिया | रदिफ | बहर | तखल्लुस | स्रोत |
|---|---|---|---|---|---|---|---|
| १ | चैनको एक प्रहर | ५ | + | + | स्वनिर्मित | - | |
| २ | बसु भन्दा कतै.. | ७ | + | + | स्वनिर्मित | - | वाहर गजल |
| ३ | एक्लो भएँ.... | ५ | + | + | स्वनिर्मित | - | |

माथि तालिकामा उल्लिखित गजल १ मा विविध विषयवस्तुको चर्चा गरिएको छ । बस्तीले यस गजलमा जीवनमा आनन्दको एक प्रहर र श्वासको दुई लहर भए पुग्ने कुरा बताएका छन् भने अर्को तर्फ सधैं ज्यूने मर्ने कसम नखाए पनि साथी बन्न पाए हुने कुरा बताएका छन् । त्यस्तै उनले जीवनमा प्रेमी वा प्रेमिकाको हात र फूलको सुगन्ध छर्ने शहर भए पुग्ने कुरा बताएका छन् । जसबाट जीवन प्रेमबीचको सम्बन्धलाई समेत प्रष्ट पार्न खोजिएको छ । उनले अन्तिम दुई शेरमा एउटै अमर शेर र प्यारको एक नजरको अपेक्षा गरेका छन् । यसरी यस गजलमा प्रेम र जीवनलाई विभिन्न कोणबाट चित्रण गर्ने प्रयास गरिएको छ । यस गजलमा पूर्ण शब्द काफिया र दुई शब्दात्मक रदिफको प्रयोग गरिएको छ । पाँच शेरमा संरचित यस गजलमा सरल र सहज  शब्दको छनोटले लयात्मकता र सङ्गीतात्मकता देखिन्छ । गजल २ मा बस्तीले सामाजिक विकृति र विसङ्गतिको चर्चा गरेका छन् ।

उनले यस गजलमा दुष्कर्मले साम्राज्य मिल्ने र सत्कर्म गर्दा तिरस्कार मिल्ने कुरा बताएका छन् किनभने आज समाजमा विसङ्गति नै विसङ्गति छ । आजको मान्छेले हर तरहबाट दुःख पाइरहेको छ । उसले विरह र वेदनाका गीत गाइरहेको छ । मान्छेको जीवनको कुनै ठेगान छैन र आजका मान्छेले न स्वतन्त्रता पाएको छ न त शान्त र भयमुक्त आवास नै । यस्तै जीवनका विसङ्गतिलाई यस गजलले चित्रण गरेको छ । ७ शेरमा संरचित यस गजलमा एक शब्दात्मक रदिफको प्रयोग गरिएको छ । गजल ३ मा प्रेम प्राप्त गर्न धेरै दुःख कष्ट पाए पनि प्रेमका खातिर सधै यस्तै दुःख पाए पनि फरक नपर्ने कुरा बताइएको छ । आफुले चाहेको प्रेमी वा प्रेमिकालाई पाउन जस्तो सकै अप्ठ्यारो पनि भोग्न सक्ने कुरालाई यस गजलले चर्चा गरेको छ। यस गजलमा एउटै शब्दलाई दोहोऱ्याएर (आऊँ-आऊँ) काफियाको रुपमा प्रयोग गरिएको छ भने दुई शब्दका रदिफको प्रयोग गरिएको छ ।

## के सोचेथैँ के के भयो

के सोचेथैँ के के भयो जिन्दगी त कस्तो भयो
वल्लो घाट न पल्लो घाट जिन्दगी त सस्तो भयो

आगो निल्छु भन्थैँ तर पानी पनि सकिएन
सगरमाथा शिर पनि पग्लिएर खस्तो भयो

छेउ लेउ लागेको त्यो बगरको ढुङ्गा जस्तै
बेठेगान जिन्दगी त शून्यतिर पस्तो भयो

घमण्ड त आकाशका तारा पनि झार्छु भन्थैँ
जिन्दगी त आज हेर्दा पूर्णविराम जस्तो भयो

(चार, चार अक्षरमा यति हुने १६ अक्षरका मिसरा)
सूत्र: ४×४=१६ अक्षर

## हजारौँ ती आँखाहरु

हजारौँ ती आँखाहरु जिलाउन थालेँ
आफूभित्र आफै आज बिलाउन थालेँ

मेला पर्व बाटो घाटो चौतारीमा बसी
अनयासै प्रेम खाता मिलाउन थालेँ

भेट हाम्रो हुन्छ हुन्न नियति के भन्छ
गाउँ डुली घर फर्कन ढिलाउन थालेँ

उन्को चित्र मुटुभित्र सजाएर राखी
फाटेको मन् आज फेरि सिलाउन थालेँ

पक्कै भेट हुन्छ भन्ने आशा मन्मा राखी
यो मन्लाई प्रेम प्याला पिलाउन थालेँ

हृदयको बगैँचामा बाटो खुल्ला राखी
आफैँलाई आफैँ आशा दिलाउन थालेँ

(चार, चार र दुई अक्षरमा यति हुने १४ अक्षरका मिसरा)
सूत्र: ४×३+२=१४ अक्षर

## जवानीले छुँदा माया

जवानीले छुँदा माया एकान्तैमा भुलेकी छ्यौ
अवोधै त्यो सुगालाई मिचिओरी लुछेकी छ्यौ

यता हेछ्र्यौ उता हेछ्र्यौ नदेखे झैँ तरी आँखा
गला तानी दया मानी अचम्मैले झुलेकी छ्यौ

हिमालैको हिऊँ जस्तो सफा कञ्चन रुपैलाई
निरीह त्यो सुगासँगै कडा छाती पुछेकी छ्यौ

समातेरै कहाँ पुग्थ्यो चिमोटेरै सताउँदै
नथामिँदा मनावेगै उसैसँग घुलेकी छ्यौ

चनाखो त्यो दिमाखैले यता ढोका नदेखे झैँ
अपुष्पैमा सुरागैको कणै खोज्दै डुलेकी छ्यौ

(बहरे हजज मुसम्मन सालिम)
सूत्र : ISSS×४

## बिहानीमा घुमेको छु

बिहानीमा घुमेको छु भरोसाको दियो बाली
वियोगैमा फुलेको छु भरोसाको दियो बाली

कहाँ भेटूँ कहाँ देखूँ भई रा’को तिमीलाई
विचारेरै डुलेको छु भरोसाको दियो बाली

अँध्यारोमा कता खोजूँ सहाराको सगी साथी
विना जूनै भुलेको छु भरोसाको दियो बाली

अमृतैमा विषै घोली जलै भन्दै पिलाउँदा
विना निन्द्रा झुलेको छु भरोशाको दियो बाली

अतीतैका कुरा सम्झी अझै माया छ कि भन्दै
हुरीसँगै जुधेको छु भरोशाको दियो बाली

(बहरे हजज मुसम्मन सालिम)
सूत्र : ISSS×४

## बलेको आगो सबैले ताप्छन्

बलेको आगो सबैले ताप्छन् बाल्ने कोही भेटिनँ
छियाछिया भो मुटुको कुना टाल्ने कोही भेटिनँ

डाहामा जस्तो जलेको मुटु प्रीतिको रापमा
सहारा छैन गृहस्थी सँगै थाल्ने कोही भेटिनँ

कपास जस्तो हलुका मन भएर पो के गर्नु
चट्टान जस्तो कठोर मन चाल्ने कोही भेटिनँ

पितल सुन पहेँलै हुन्छ जति पल्ट हेरे नि
देखेर रुप अन्तर मन चाल्ने कोही भेटिनँ

फाटेको मन टाल्देला भनी आशा राखी पर्खिदा
हृदयभित्र जमेको पीडा फाल्ने कोही भेटिनँ

(पाँच, पाँच, चार र तीन अक्षरमा यति हुने १७ अक्षरका मिसरा)
सूत्र : ५×२+४+३=१७ अक्षर

## जन्मेपछि मर्नु पर्छ

जन्मेपछि मर्नुपर्छ
प्रकृतिले यस्तै गर्छ

अँध्यारो यो जिन्दगीमा
कस्ले यहाँ जून छर्छ

सास रहे जन्मौजन्म
पैसामाथि मान्छे चर्छ

नियतिको नौजाले त्यो
राहु त्यसै कहाँ टर्छ

आर्यघाट चितामाथि
सुतेपछि दुःख हर्छ

(चार, चार अक्षरमा यति हुने ८ अक्षरका मिसरा)
सूत्र : ४×२=८ अक्षर

## पाती भनी समा'कोथैं

पाती भनि समा'कोथैं सिस्नो परेछ
आफ्नै होला भनेकोथैं अन्तै सरेछ

देख्दै माया लाग्यो कति आँखामा राखे
परेलीले ढाके तर माया मरेछ

भमरा कि माली बनूँ दुविधामा भई
बगैंचामा अल्मलिँदा फूल झरेछ

पूर्णिमाको चाँदनीमा अदृश्य भई
जूनकिरी बनी डुल्ने दिन टरेछ

बहकिन मात्रै भयो सौन्दर्य देखि
छैन राग परागमा अन्तै छरेछ

सयौं जुनी सँगै बस्ने बाचा कसम खा'को
थाहै नदिई मायालुले खोली तरेछ

(चार, चार र पाँच अक्षरमा यति हुने १३ अक्षरका मिसरा)
सूत्र : ४×२+५=१३ अक्षर

## मनले चा'को मायालाई

मनले चा'को मायालाई भुलूँ कसरी
तिमी विना जिन्दगीमा फुलूँ कसरी

भमराको रुप लिँदा तिम्ले देखिनौं
फूल विना बगैंचामा डुलूँ कसरी

कुन हो फूल कुन हो काँडा के हो नजानी
फूलको डाली डालीमा म झुलूँ कसरी

दिलले चाहे पुग्छ भन्छन् बानी नबुझी
आँखा चिम्ली तिमीसँग घुलूँ कसरी

दिलकी रानी बनाएर मनमा राखूँला
तिम्रो चित्र मुटुभित्र हुलूँ कसरी

(चार, चार र पाँच अक्षरमा यति हुने १३ अक्षरका मिसरा)
सूत्र : ४×२×५=१३ अक्षर

## अँध्यारो यो रातमा पनि

अँध्यारो यो रातमा पनि जून जस्तै खुलेकी छ्यौ
शिशिरको शीतमा पनि गुलावझैँ फुलेकी छ्यौ

सोह्र वर्षे जवानीले बैँस छर्न थालेपछि
एकान्तैमा छ्यौ कि कतै दोबाटोमा डुलेकी छ्यौ

जवानीको रङ्ग भर्दै भमराको प्रतिक्षामा
घरमा एक्लै छ्यौ कि कतै परेलीमा भुलेकी छ्यौ

विपनीमा नभेटे नि सपनीमा भेट्छु भन्दै
धानको बाला जस्तै गरी विना निन्द्रा झुलेकी छ्यौ

(चार, चार अक्षरमा यति हुने १६ अक्षरका मिसरा)
सूत्र : ४×४=१६ अक्षर

## मिलन भएको भरेतिरै

मिलन भएको भरेतिरै विछोड आइ झुल्छ कि
उज्यालो छोडेर भेट हाम्रो क्षितिज पारी भुल्छ कि

वसन्त ऋतुको रमाइलो छोपूँ मैले भने पनि
मधुर सुगन्ध छर्दा छर्दै उजाड ऋतु खुल्छ कि

अँगालो मारेर सयौँ जुनी सँगै बस्ने बाचा गरी
जूनेली रातमा बस्दाबस्दै अँध्यारो रात घुल्छ कि

सपना सजाई मुटुभित्र तिम्रै चित्र टाँसे पनि
भरोसा के भो र जिन्दगीको भमरा अर्कै डुल्छ कि

हृदयी मनले सम्झी सम्झी आँखाभित्र राखे पनि
जतन गरेको प्रेम प्रति धोकाको वीज फुल्छ कि

(छ, चार, चार, चार अक्षरमा यति हुने १८ अक्षरका मिसरा)
सूत्र : ६+४×३=१८ अक्षर

## फूल फुलेर के सज्जा भो

फूल फुलेर के सज्जा भो घाम पर्दा झरेपछि
जून खुलेर आशा के भो बादल नै छरेपछि

कसो गरी म अँगालोमा बेरिएर काख राखूँ
गाउँ डुलेर झोली थाप्ने कुलतमा परेपछि

लुकी लुकी अन्तै जाँदा बोल्न मन कहाँ लाग्छ
माया हुलेर हृदयमा कालो दाग भरेपछि

कुवेर जता उतै छटा प्रियसीको उपहास
फर्की घुलेर आयौ भेट्न सडकमा चरेपछि

आशा राखेर भविष्यको छोपी राखे मनभित्र
माया हुलेर के पाए खै? सतित्व नै हरेपछि

(पाँच चार, चार अक्षरमा यति हुने १७ अक्षरका मिसरा)
सूत्र : ५+४×३=१७अक्षर

## सिरिरिरी चिसो हावा

सिरिरिरि चिसो हावा चल्दा मुटु काम्छ
भोक प्यासले हात पाउ गल्दा मुटु काम्छ

शिक्षकले गृहकार्य देखा भन्दा अनि
परीक्षामा गोलो आलु फल्दा मुटु काम्छ

वसन्तको बहारमा कोही हुरी बन्दा
बैसाखको धूपमा आगो बल्दा मुटु काम्छ

वर्षौवर्ष लगाएर कमाएको थुप्रो
इज्जतको धरहरा ढल्दा मुटु काम्छ

सयौँ जुनी सँगै बस्ने बाचा कसम खा’को
आफ्नैले नै टाढा सम्झी छल्दा मुटु काम्छ

(चार, चार र दुई अक्षरमा यति हुने १४ अक्षरका मिसरा)
सूत्र : ४×३+२=१४ अक्षर

## मायालुलाई लिन बाजा

मायालुलाई लिन बाजा बजाएर आउँला
टाइ सूट र बुट माला लगाएर आउँला

जनकपुरकी सीताको झैँ आदर्शता छ भने
धनुषधारी रामचन्द्र रुप गराएर आउँला

सत्ययुगकी सतीको झैँ पवित्रता छ भने
कैलाशपति शिवजी रुप बनाएर आउँला

महाभारतकी द्रौपदी झैँ खुबी तिम्रो छ भने
पाण्डवका झैँ पाँच भाइ जुटाएर आउँला

कंसको बध गर्ने काले कृष्णे मन पराए
नरोऊ राधा लिन साइत हेराएर आउँला

(पाँच, चार, चार र तीन अक्षरमा यति हुने १६ अक्षरका मिसरा)
सूत्र : ५+४×२+३=१६अक्षर

## मनको बह सुन्ने मनै

मनको बह सुन्ने मनै जले जस्तै लाग्यो
चौतारीको वर पीपल ढले जस्तो लाग्यो

आफूलाई नराखेर उन्कै लागि सोच्दा
मृगतृष्णा जस्तै गरी छले जस्तो लाग्यो

मेरो कसम तिम्रै हुँ म भन्ने टाढा भाग्दा
कोमल मेरो दिलमा आगो बले जस्तो लाग्यो

जमाना त उल्टो भयो प्रेमको खिल्ली गर्ने
पैसासँग उनी आज चले जस्तो लाग्यो

प्रेमकै कारण दुनियाँको हाँस्य पात्र बन्दा
आफ्नै घरको धुरी खाँबो गले जस्तो लाग्यो

(चार, चार र २ अक्षरमा यति हुने १४ अक्षरका मिसरा)
सूत्र : ४×३+२=१४ अक्षर

## जुनेलीको रात प्यारो

जुनेलीको रात प्यारो प्रेममा
एकान्तैको बात प्यारो प्रेममा

दुकानैको रक्सीको पो के कुरा
परेलीको मात प्यारो प्रेममा

दिनैपिच्छे भेटको भन्दा बढी
सहाराको हात प्यारो प्रेममा

किताबैको त्यो कुरा भन्दा बढी
चिठीको नै खात प्यारो प्रेममा

दिनैगन्दै बस्नु पर्दा के गरुँ
गते बारको सात प्यारो प्रेममा

सूत्र : मफाईलुन्+फाइलातुन्+फाइलुन्
(ISSS+SISS+SIS)

## सयौँ जुनी सँगै बस्ने

सयौँ जुनी सँगै बस्ने माया लाए पुग्छ
हृदयको चोखो चोखो माया पाए पुग्छ

जिन्दगीको फूलवारीमा एक्लै भौंतारिँदा
एक थुङ्गा फूलसँगै बास्ना छाए पुग्छ

याद आउँदा यो प्रेमीको झल्को मेट्ने भए
भेट हुन देउरालीमा तिमी धाए पुग्छ

मनका पीर पोख्ने कतै छैन भने ठाउँ
मेरो सामू पीर व्यथाको गीत गाए पुग्छ

जवानीको प्रेम प्याला पिलाउने भए
आफ्नो इच्छा बताउन मुख बाए पुग्छ

(चार, चार र दुई अक्षरमा यति हुने १४ अक्षरका मिसरा)
सूत्र : ४×३+२ =१४अक्षर

## प्रियसीको यादले मुटु

प्रियसीको यादले मुटु जलिरहेछ
दिनदिनै जिन्दगीले छलिरहेछ

सिस्नो हो या पाती माया जान्नै सकिन
फूलभित्र काँडा यहाँ फलिरहेछ

परेलीमा आँशू टिल्पिल् भयो कसरी
जिन्दगीमा शीत लहर चलिरहेछ

आँशु पिएँ मुटु धोएँ सफा भएन
पीरै पीरमा मन्मा आगो बलिरहेछ

तुषारोको फूलजस्तै भयो जिन्दगी
नफुलेरै आज यहाँ गलिरहेछ

(चार, चार र पाँच अक्षरमा यति हुने १३ अक्षरका मिसरा)
सूत्र : ४+४+५= १३ अक्षर

## जन्तीसँगै बाजागाजा

जन्तीसँगै बाजागाजा बजाएर आउँला
पिरतीको भाकासँगै प्रेम गीत गाउँला

रातो सारी रातै चूरा सजाएर लाउनू
औँठी चिनो राखी हामी माया प्रीति लाउँला

हृदयमा चोखो चोखो मायालाई बोकेर
वर माग्न सिद्धबाबा सँगसँगै जाउँला

साँचो प्रेम के हो भन्ने देखाउँदै गाउँमा
दूनियाँको घरदैलो र मन्मुटुमा छाउँला

सयौँ जुनी सँगै बसी एक अर्काको हात समाई
गाउँ घर शहर बेसी सँगसँगै धाउँला

(चार, चार र ३ अक्षरमा यति हुने १५ अक्षरका मिसरा)
सूत्र : ४×३+३=१३ अक्षर

## फाटेको मन आज मैले

फाटेको मन आज मैले टाल्नु कसरी
विनाधार जिन्दगी नै थाल्नु कसरी

उज्यालोको प्रतिक्षामा बसे बेसरी
अन्धकारमा जीवनदीप बाल्नु कसरी

आशा भरोसाको यहाँ रैछ जोवान
दोभानमा बसी जोवान् फाल्नु कसरी

न त माया पाए मैले न त बिगारे
विना अर्थ मनमा माया पाल्नु कसरी

मृगतृष्णा जस्तै भयो मन्को मायालु
साँच्चै माया छ कि छैन चाल्नु कसरी

(चार, चार र पाँच अक्षरमा यति हुने १३ अक्षरका मिसरा)
सूत्र : ४×२+५=१३ अक्षरको

## आँखाबाटै मुटुभित्र

आँखाबाटै मुटुभित्र पस्न सकिएन
दिलको राजा बनी कतै बस्न सकिएन

गावै छाडी जान भन्थ्यौ अन्तै शहरमा
तर हतारैमा गुन्टा कस्न सकिएन

बाँच्नुपर्ने रैछ यहाँ साथ टुटे पनि
त्यसैले त भीरबाट खस्न सकिएन

जति बुझ्यो उति गाह्रो भन्थे बुढापाका
नबुझेरै प्रेम जालमा फस्न सकिएन

वियोगैले भौँतारिँदा पागलै भएर
खरानीको तेस्रो टिका घस्न सकिएन

(चार, चार र दुई अक्षरमा यति हुने १४ अक्षरका मिसरा)
सूत्र : ४×३+२= १४ अक्षर

## रात रोयो दिन रोयो

रात रोयो दिन रोयो रोयो डाँडा पाखा
रगतैले सारा जगत् धोयो डाँडा पाखा

भित्रभित्रै मुटु जल्यो बाँच्ने आशा मर्दा
कालरात्री अँधेरीले छोयो डाँडा पाखा

सुन्छ कल्ले सिन्दुर पोते चुरा फुटी रो'को
आमाको कोख् रित्याउने को ? यो डाँडा पाखा

घरको छानो उडाएर बास उठ्दा खेरी
भेटिन नै छाड्यो आज चोयो डाँडा पाखा

पखेरी र मझेरीमा गोली चल्दा खेरी
हरायो रे सिर्जनाको खोयो डाँडा पाखा

(चार, चार र दुई अक्षरमा यति हुने १४ अक्षरका मिसरा)
सूत्र : ४×३+२=१४अक्षर

## हाँसो खुसी हुँदा खेरि

हाँसो खुसी हुँदा खेरि सबै साथी वरिपरि
दुःख पर्दा एक्लै हुँदा कुरा फेर्छन् घरिघरि

आँधीसँगै हुरी चल्दा बेकम्मा भै उडे भने
दुःख कष्ट पीडा दिनू बेलुनमा भरिभरि

दोबाटोमा अल्मलिँई यताउता भौंतारिँदा
खुसी हुनु पाटी दिनू साथी भेला गरिगरि

आशा गरेँ भर परे आज कुन्नि के भो
मुटुलाई जलाएर गयौ खोला तरि

एक कोशमा पानी बदले चार कोशमा वाणी
लाखा पाखा लाग्छ मान्छे बाहिर सुवास छरि

(चार, चार अक्षरमा यति हुने १६ अक्षरका मिसरा)
सूत्र : ४×४ =१६ अक्षर

## साथ खोजैँ हात दियौ

साथ खोजैँ हात दियौ जून पाइनँ
अँगालोमा बेरिएर रुन पाइनँ

सोचिएन कालो वियो सफा कपासमा
फूलसरी हृदयले छुन पाइनँ

वर्षातमा आगो लाग्दा पानी बादलले
खडेरीमा मन डड्यो धुन पाइनँ

मीठा शब्दसँगै दियौ अमृत र विष
घोली घोली खुवाइछ्यौ गुन पाइनँ

बगैँचा र वनकुञ्ज छाती फुलाएर
चखेवाको प्रेमी जस्तो हुन पाइनँ

(चार, चार, दुई र तीन अक्षरमा यति हुने १३ अक्षरका मिसरा)
सूत्र : ४×२+२+३=१३ अक्षर

## आफ्नो भाग्य आफैँले नै

आफ्नो भाग्य आफैँले नै फोरिन्छ है यहाँ
रक्षा गर्ने देउता नि चोरिन्छ है यहाँ

आदर्शकी नारी सीता भृकुटीको रुप
अशान्तिले तर्सिएर घोरिन्छ है यहाँ

बुद्धको यो भूमिभित्र खुन बगाएर
रातारात रक्त सीमा कोरिन्छ है यहाँ

झुल्के घाम देख्ने आशा राख्दै गरे पनि
लुकी छिपी बम गोला जोरिन्छ है यहाँ

न्याउलीले रुन लाग्दा बनै रुन्छ किन
आँधी हुरी चल्दा पात सोरिन्छ छ है यहाँ

(चार, चार र दुई अक्षरमा यति हुने १४ अक्षरका मिसरा)
सूत्र : ४×३+२=१४ अक्षर

## मलाई भेट्न

मलाई भेट्न आऊ है
दिलैको माझ छाऊ है

मनैमा राख मायाले
कतै टाढा न जाऊ है

उषाको यो विहानीमा
एकान्तैमा न धाऊ है

यता मेरो मनै जल्ला
उतै बाचा न खाऊ है

लिई जाने तिमीलाई
कतै माया न लाऊ है

बहरे हजज मुरब्बा सालिम (पिङ्गल छन्द-विजात)
सूत्र : मफाईलुन×२ (ISSS×2)

## सोह्र काटी सत्र टेक्दा

सोह्र काटी सत्र टेक्दा बैँसले म खुलेँ
उनको साथ पाएपछि गुलाब झै फुलेँ

आँखा खोलूँ या नखोलुँ तिम्रै छाया देख्ने
प्रेम नशा लाग्यो क्यारे बेहोस भै झुलेँ

सोह्र वर्षे जवानीको बैँसले नै हो कि
गाजलुले भरिएका परेलीमा भुलेँ

वसन्तको बहारमा प्रित साट्न भनी
भमरा भै बगैँचामा ज्योति खोज्दै डुलेँ

एकान्तैको बात सम्झी एक्लै टोलाएर
ठूला-ठूला नयनको नानीभित्र घुलेँ

(चार, चार र दुई अक्षरमा यति हुने १४ अक्षरका मिसरा)
सूत्र : ४×३+२=१४ अक्षर

## जिन्दगीको लामो यात्रा

जिन्दगीको लामो-लामो यात्रा गर्दै छु म
दिन दिनै आपतैमा किन पर्दैछु म

पिरतीमा आँधी हुरी बतास नै चल्दा
ज्यानै फाली भेल बाढी किन तर्दै छु म

फूल रोपे फुल्छ भन्छन् म कहाँ फुले र
नफुलेरै कोपिलामै किन झर्दै छु म

सारा हाँसो खुसी मेरो लुटिएको बेला
तड्पिएर गहभरि आँसु भर्दै छु म

आफ्नै सम्झी माया लाए आज विछोडैले
बाँच्न गाह्रो हुँदा यहाँ आफैँ मर्दै छु म

(चार, चार र दुई अक्षरमा यति हुने १४ अक्षरका मिसरा)
सूत्र : ४×३+२=१४ अक्षर

## बाचा कसम बिर्सी आज

बाचा कसम बिर्सी आज माया मारी गयौ
दोबाटोमा अल्मलाई डेरै सारी गयौ

मीठो स्वाद दिने माया दुई दिनको रैछ
राम छाँया बनाएर झारा टारी गयौ

यौवनको मात हुँदा वरिपरि घुमी
फूलसरी जिन्दगीमा नङ्ग्रा दारी गयौ

बैँसालु यी नशा नशा चुमी वरि कन
बैगुनी भै आज कता एक्लै पारी गयौ

चाहिँदाको भाँडो भएँ नचाहिँदा ठाँडो
मनभित्र काँडो बिझ्यो त्यो नझारी गयौ

(चार, चार र दुई अक्षरमा यति हुने १४ अक्षरका मिसरा)
सूत्र : ४+४+४+२=१४ अक्षर

## वसन्तको फूल झैँ

वसन्तको फूल झैँ फुलिदिनू है
तीता पीरा बातहरु भुलिदिनु है

सधैँ भेट्न सुटुक्क यहाँ आउनू
पूर्णिमाको जून झैँ खुलिदिनू है

मेरो दिलकी रानी हौ मेरी संसार
धानको बाला झुले झैँ झुलिदिनू है

तिम्रै माया मनैमा बस्यो बेसरी
इज्जतको श्रीपेच चुलिदिनू है

सम्झना होस् मायाको सधैँ मलाई
दिलैभित्र मलाई हुलिदिनू है

(चार, चार र पाँच अक्षरमा यति हुने १३ अक्षरका मिसरा)
सूत्र : ४+४+५=१३ अक्षर

## कर्म यस्तै हो कि क्यारे

कर्म यस्तै हो कि क्यारे भाग्यै खोटो छ
बिर्सु भन्छु सक्दिन म दिलमा फोटो छ

कहाँ थियौ कहाँ गयौ बाचा बिर्सेर
पिरतीको रुमाल चिनो सँगै भोटो छ

पूर्णिमाको चाँद हेर्दा औँसी रातले
दशा लाग्यो जिन्दगीमा आयु छोटो छ

गुलाबको फूल टिप्दा घोच्यो काँडाले
मलमको पट्टी छैन विषको लोटो छ

बाँच्ने आशा मऱ्यो क्यारे धोकै धोकाले
यमराजको छाँया दिलमा साह्रै मोटो छ

(चार, चार र पाँच अक्षरमा यति हुने १३ अक्षरका मिसरा)
सूत्र : ४+४+५=१३ अक्षर

## दिल् खोलेर मुटुसाटी

दिल् खोलेर मुटुसाटी माया लाइनौ
प्रतिक्षामा बसी रहेँ तिमी आइनौ

सुरिलो त्यो स्वर सुन्न कति बोलाएँ
पिरतीको मीठो भाका गीत गाइनौ

नशा हो कि दशा मेरो कस्तो पिरती
एकोहोरो माया लाएँ तिम्ले चाइनौ

वसन्तको ऋतु मैले खोजूँ कसरी
बोलाएर चौतारीमा तिमी धाइनौ

जति धोका गोता खाएँ कल्ले सुन्छ र
तिम्ले अर्कै पाई हाल्यौ धोका खाइनौ

(चार, चार र पाँच अक्षरमा यति हुने १३ अक्षरका मिसरा)
सूत्र : ४+४+५=१३ अक्षर

## तिमी विना एक् पल पनि

तिमी विना एक् पल पनि काट्न गाह्रो भो
एक्लै यहाँ प्रेमको डोरी बाँट्न गाह्रो भो

आँखा खोले नजिकै छ्यौ चिम्ले परेलीमा
जागिरको अभावैले आँट्न गाह्रो भो

बिहे गर्नु पऱ्यो भन्छन् बुबा आमाले
तिमीसँग ला'को माया ढाँट्न गाह्रो भो

ढिला गऱ्यौ तिमी छिटै किन आएनौ
अरु कसैसँग जोवान साट्न गाह्रो भो

छिट्टै आऊ लिन यहाँ डोली सजाई
प्रेमप्याला सँग विष चाट्न गाह्रो भो

(चार, चार र पाँच अक्षरमा यति हुने १३ अक्षरका मिसरा)
सूत्र : ४+४+५=१३ अक्षर

# पञ्चम-परिच्छेद

## आफ्नै गजल : आफ्नै दृष्टिकोण

### ५.१ शीर्षक चयन

गजल नेपाली साहित्यमा प्रचलित शृङ्गारिक साहित्यिक विधा हो । यसमा रतिरागात्मक भाव, भक्तिभाव, राष्ट्रभक्तिभाव लगायत अनेक विषयवस्तु अट्न सक्छन् । गजल गेयात्मक साहित्यिक विधा भएका कारण गजल दिनप्रतिदिन नेपाली साहित्यमा लोकप्रिय बन्दै गएको छ । नेपाली साहित्यमा गजलको लोकप्रियता बढ्दै गरेको अवस्थामा गजल लेखनको माहोलबाट म पनि अछुतो रहन सकिनँ । यसै सन्दर्भमा स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको आंशिक परिपूर्तिका गर्नका लागि मैले यो सिर्जना पत्र तयार पारेको हुँ । यस सिर्जना पत्रका गजलहरुमा आजका मान्छेको मनभित्र गुम्सिएका भाव, देशमा देखा परेका राजनैतिक सङ्कट, जीवनका आशा र निराशाका स्वरहरु, प्रणयमूलक शृङ्गारिक भावहरुलाई समेटिएको छ । आजको युग र आजका मान्छेले भोग्नु परेका पीडा, व्यथा, वेदनाका आवाजहरुलाई यस गजल सङ्ग्रहका गजलहरुले बुलन्द रुपमा उजागर गरेका हुनाले यस सिर्जना पत्रको शीर्षक **'गजल गुञ्जन'** राखिएको हो ।

### ५.२ संरचना

**'गजल-गुञ्जन'** गजल सङ्ग्रहमा सङ्ग्रहित गजलहरुको संरचनालाई आन्तरिक र बाह्य गरी दुई किसिमले विश्लेषण गर्न सकिन्छ :

#### ५.२.१ आन्तरिक संरचना

गजलको बुनौट नै गजलको आन्तरिक संरचना हो । गजलको आन्तरिक संरचना भन्ने बित्तिकै गजलको गजलको परिभाषा र त्यसको विश्लेषणभित्र देखापरेका भावविधानसम्बन्धी तत्वहरु, शैली विधान र त्यसभित्र देखापरेका प्रतीकात्मकता, सरलता, संक्षिप्तता, नवीनता, मौलिकता र यसले पाठकमा पार्ने प्रभाव भन्ने बुझिन्छ । यस गजल सङ्ग्रहमा समावेश भएका गजलहरु गजलको आन्तरिक संरचनाका दृष्टिले सबल र सक्षम  छन् । यति हुँदा हुँदै पनि यस सङ्ग्रहमा सङ्ग्रहित कतिपय गजलहरुमा आन्तरिक संरचना कसिलो र दरिलो बनेका छैनन् ।

### ५.२.२ बाह्य संरचना

गजलको बाह्य संरचना भनेको गजलको बनौट हो । गजलको बनौट भन्नाले गजलमा समावेश हुने शेर, काफिया, रदिफ, मतला, मकता, छन्दोबद्धता, बहर आदि भन्ने बुझिन्छ । यस गजल सङ्ग्रहमा समावेश मेरा गजलहरुमा पूर्ण शब्द काफिया, आंशिक काफियाको प्रयोग गरिएको छ । मेरा अधिकांश गजलहरुमा रदिफको प्रयोग गरिएको छ । गजल गाउनका लागि रदिफले निकै ठूलो भूमिका खेल्दछ । रदिफको प्रयोग नगरे पनि सकेसम्म मैले मेरा गजलमा गायनमा त्रुटि हुने ठाउँ छोडेको छैन । मेरा अधिकांश गजल मुसलसल भए पनि कतिपय गजल गैरमुसलसल छन् । यस गजल सङ्ग्रहमा ८, १३, १४, १५, १६, १७, १८ अक्षरका मिसरा भएका गजलहरु समावेश छन् । तीमध्ये पनि यस गजल सङ्ग्रहमा १४ अक्षरका मिसरा भएका गजलहरु बढी छन् । यसमा समावेश गरिएका गजलहरुमा तखल्लुसको प्रयोग गरिएको छैन । शेर संख्याका हिसाबले हेर्दा यसमा समावेश मेरा गजलहरु प्रायः पाँच शेरमा संरचित छन् ।

## ५.३ बहरको प्रयोग

**'गजल गुञ्जन'** गजल सङ्ग्रहमा नेपाली बहर र शास्त्रीय बहरका नियमअनुसार संरचित गजलहरु सङ्ग्रहित छन् । यस गजल सङ्ग्रहमा शास्त्रीय बहरका गजलहरु कम मात्रामा छन् भने धेरै गजलहरु नेपाली बहरमा लेखिएका छन् । यस सङ्ग्रहमा भएका गजलहरुलाई मैले सकेसम्म गजलका बहरसँग सम्बन्धित नियमभित्र रहेर लेखेको छु । ठूलो प्रयास गर्दा गर्दै पनि कतिपय गजलहरुमा अक्षरको सङ्ख्या मिलाउने क्रममा अजन्तलाई हलन्त गराएको छु भने कतिपय गजलमा मात्रा गिरावट भएको पनि छ । यस गजल सङ्ग्रहमा प्रस्तुत गरिएका गजलहरु कुन सत्रमा, कुन बहरमा लेखिएका छन् र तिनको कहाँ-कहाँ विश्राम वा यति हुने हो त्यसको जानकारी समेत मैले प्रत्येक गजलको पुछारमा दिएको छु । जसबाट पाठकमा गजल वाचन वा गायन गर्न सजिलो हुने मैले ठानेको छु ।

## ५.४ विषयवस्तु

गजलका शेरहरुमा समेटिएका विभिन्न भाव वा विचार नै गजलको विषयवस्तु हो ।

गजलमा विविध विषयवस्तुको प्रयोग गर्न सकिन्छ । यस गजल सङ्ग्रहमा समेटिएका गजलहरुमा मानवीय जीवनका आरोह र अवरोहहरु, सामाजिक विकृति र विसङ्गतिहरु, दाजुभाइबीचको कटुताका कारण देखिएका राजनैतिक संकटहरु, आफूले काम नगरी अर्काको आशमा जिउँन चाहने आशे प्रवृत्ति, अविश्वासका कारण उब्जिने शङ्का र उपशङ्काहरु, सुन चिन्न नसक्दा अलपत्रको धुन सुन्न परेका कुराहरु, सुख सम्पत्ति छँदा नजिकिने र दुःख तथा आपत पर्दा टाढिने प्रवृत्ति आदि कुराहरु समेटिएका छन् ।

गजल शृङ्गारिक साहित्यिक विधा हो । यस गजल सङ्ग्रहमा अन्य विषयवस्तु भन्दा प्रेम प्रणयमूलक विषयवस्तुका गजलहरु बढी  छन् । प्रेम दुई आत्माको मिलन हो । यसलाई रतिरागसँग मात्र तुलना गर्न मिल्दैन । आत्मिक प्रेम त त्यो हो जहाँ मुटु साटासाट गरी हृदयको कुनामा सजाएर डुबुल्की मार्ने कोसिस गरिन्छ । यस्तै हार्दिक र आत्मिक प्रेम कहानीलाई मैले यस गजल सङ्ग्रहका गजलहरुमा देखाउने प्रयास गरेको छु । मान्छे जन्मेपछि एक पटक अवश्य मर्नु पर्छ । यो प्रकृतिको नियम हो । त्यस्तै प्रकृति र नियतिसँग सम्बन्धित कुराहरुलाई समेत मैले मेरा गजलमा समेटेको छु । यति मात्र नभएर प्रेमका प्रसङ्गहरुलाई पौराणिक ग्रन्थका राम र सीता, कृष्ण र राधा, शिव र सती, पाण्डव र द्रौपदी जस्ता व्यक्तिहरुका प्रेम कहानीहरुसँग जोड्ने प्रयास मैले मेरा गजलमा गरेको छु । जसबाट मैले प्रेमको उच्चता र महानतालाई प्रष्ट्याउन खोजेको छु । यस गजल सङ्ग्रहमा प्रेमको महिमागान गरिएका गजलहरु मात्र नभएर मैले धनको पछि लाग्ने, प्रेमलाई हल्का रुपमा लिने प्रवृत्ति र बजारिया सस्तो प्रेमले निम्त्याएका विकृति र विसङ्गतिहरु तथा त्यसभित्र जेलिएका हाम्रा कथा व्यथाहरुलाई समेत समेट्ने प्रयास गरेको छु ।

## ५.५ भाषाशैली

गजल एउटा गेयात्मक साहित्यिक विधा हो । मैले मेरा गजलमा सरल र सहज भाषाशैलीको प्रयोग गरेको छु । सरल र सहज भाषाशैलीको प्रयोगले गर्दा मेरा गजल वाचन र गायनका दृष्टिले सरल छन् । गजल गायनबाट नै पूर्ण हुन्छ । गजल गायनमा सरलता र मिठास ल्याउनका लागि यसको भाषाशैली सरल र सहज हुनु पर्छ । गजल गायनमा बाधा नपुगोस् भन्नका लागि मैले मेरा गजलमा शब्द प्रयोग

गर्दा निकै  सचेतता अपनाएको छु । गजल लेख्दा सकेसम्म मैले लय पक्षमाथि खोट लगाउने ठाउँ छोडेको छैन । तर पनि केही गजलमा सूत्र मिलाउन लामा-लामा शब्दको प्रयोग गर्दा भने विश्राम भङ्ग भएका हुन सक्छन् । तर पनि मैले यस गजल सङ्ग्रहमा सङ्ग्रहित गजलहरुमा 'भात खाँदा ढुङ्गा लागे झैँ' गजल गायनमा नै बाधा पार्ने गरी विश्राम भङ्ग हुन दिएको छैन ।

# सन्दर्भग्रन्थसूची


१. अश्क, गोपाल (२०५४) , **अभि बाकी बा,** वीरगञ्ज : रेखा प्रकाशन

२. अस्थाना, रोहिताश्व (सम्पा.), ई.१९९६, **इन्द्र धनुषी हिन्दी गजलें,** हरदोई यु.पी. : सहयोगी साहित्यकार प्रकाशन

३. आप्टे, वामन शिवराम (ई.१९८९), **संस्कृत-हिन्दी कोश,** दो.सं., दिल्ली : मोतीलाल बनारसी दास पब्लिकेसर्स

४. उदासी, टिकाराम (२०६०), **गजल सिद्धान्त र समकालीन साहित्य,** (असार-भदौ), काठमाडौं : ने.रा.प्र.प्र.

५. एटम, नेत्र (२०६१), **भित्र कतै दुख्छ भने,** गजल सङ्ग्रह, काठमाडौं : साझा प्रकाशन

६. ओझा, घनेन्द्र (२०६२), **बल्झेर याद तिम्रो,** काठमाडौं : हजुरको प्रकाशन

७. ................ (२०६७), **नेपाली गजल : सिद्धान्त र विवेचना,** काठमाडौं : सुजल अपसेट प्रेस

८. काफ्ले, सरोज (२०६२), **अधरामृत,** पाल्पा : पोखराथोक साहित्य सङ्गम

९. जगन्नाथ, (सन्१९९७) **गजलके शिल्प विधान,** पटना : पुष्कर प्रकाशन

१०. जिगर, उपेन्द्रबहादुर (१९९९), **एक सय एक गजल,** बनारस : हित चिन्तक प्रेस

११. ढुङ्गाना, निर्मल (२०६१), **दिन हराएको दिन,** काठमाडौं : एशिया पब्लिकेसन

१२. दाहाल, कृष्णहरि शर्मा (२०६५), कविता-कुसुमाञ्जली, कविता सङ्ग्रह, अप्र.त्रि.वि. सृ.ले.

१३. निराशी, नारायण (२०६१), **गजलका शास्त्रीय बहरहरुको परिचय तथा मूल्याङ्कन,** कल्पतरु, चैत्र २०६१-जेष्ठ २०६२, काठमाडौं

१४. न्यौपाने, श्यामप्रसाद (२०६१), **नवलपरासीका समसामयिक गजल,** नवलपरासी : नवलपरासी साहित्य परिषद्

१५. परिश्रमी, घनश्याम (२०५०), **यो मौसम,** काठमाडौं : पम्फा नेपाल

१६. ...................... (२०६०), **जून चुहेको रात,** काठमाडौं : भुँडी प्रकाशन

१७. ...................... (२०६४), **गजल सौन्दर्य मीमांसा,** रुपन्देही : सन साइन आवासीय उच्च मा.वि.

१८. प्रसाई, तीर्थप्रसाद (२०६३), **वेदनाका रापहरु,** गजल सङ्ग्रह, अप्र.त्रि.वि.सृ.ले.

१९. प्राञ्जल, रवि (२०६०), **उही बाढी उही भेल,** काठमाडौं : अनुराग प्रकाशन

२०. बराल, कृष्णहरि (२०५४), **गजल : सिद्धान्त र परम्परा,** काठमाडौं : साझा प्रकाशन

२१. ................ (२०५९), **गीत सिद्धान्त र इतिहास,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार

२२. ब्राजाकी, मनु (२०५१), **गजलगङ्गा,** काठमाडौं : साझा प्रकाशन

२३. भट्ट, मोतीराम (२०३८), **मोतीराम भट्टका गजलहरु,** काठमाडौं : नेपाली शिक्षा परिषद्

२४. मुजावर, सरदार (ई.१९९३), **हिन्दी गजल के विविध आयाम,** नई दिल्ली : भूमिका प्रकाशन

२५. राना, बूँद (२०५६), **रातो मलाई प्यारो,** काठमाडौं : जनसांस्कृतिक मञ्च

२६. लुइटेल, खगेन्द्रप्रसाद (२०६७), **नेपाली गीत : गजल,** काठमाडौं : साझा प्रकाशन

२७. लोहनी, गोपीनाथ र दुर्गादिव पाण्डे, (सम्पा.), (१९६९), **सङ्गीत चन्द्रोदय,** काठमाडौं : स्वयम्

२८. वस्ती, सनतकुमार (२०५३), **सबेरै आएँ,** गजल सङ्ग्रह, अप्र.त्रि.वि.सृ.ले.

२९. ...................... (२०६७), **वाह ! गजल,** काठमाडौं : भिजन अफसेट प्रिन्टिङ् प्रेस

३०. शर्मा, जी.सी. (ई.१९४१), **संङ्गीत चन्द्रोदय,** बनारस सिटी : बाबु माधवप्रसाद

३१. साइँलो, गोर्खे (२०६२), **मुस्कान,** चितवन : पल्लव साहित्य विविध